# स्वतन्त्र नागरिक छानबिन आयोग

## Independent Fact-Finding Civic Commission

**वि.सं. २०८१ चैत्र १५ गतेका दिन तिनकुने काठमाडौँमा घटेको घटनाको सम्बन्धमा स्वतन्त्र नागरिक छानबिन आयोगको प्रतिवेदन**

**मितिः २०८२ जेष्ठ १४ गते**

इमेलः civicfactfindingcommission@gmail.com

**लेखक तथा प्रकाशक: स्वतन्त्र नागरिक छानबिन आयोग**

**विधा: छानबिन-अनुसन्धान**

**सैर्वाधिकार: स्वतन्त्र नागरिक छानबिन आयोगमा सुरक्षित**

**प्रकाशन मिति: २०८२/०२/१४**

**नोट: आयोगको पुर्व स्वीकृति बिना यो प्रतिवेदनको  कुनै भाग-अंश, अक्षरलाई शसोधन, पूर्णलेखन वा कुनै व्यहोराले यसको मर्म, भावनालाई तोडमोड गर्न पाइने छैन | गरे गराएमा प्रचलित कानुन वमोजिम हुनेछ |**


Tinkune Park
तीनकुने पार्क
alayan White
e Int'l College

# "स्वतन्त्र नागरिक छानबिन आयोग"

## Independent Fact-Finding Civic Commission (IFCC)

## प्रस्तावना (मन्तव्य)

राजनीतिक वा गैर-राजनीतिक उद्देश्य राखेर भए-गरिएका आन्दोलन संघर्षहरुमा विगत कालखण्ड देखि हालसम्म नेपालमा ठुलो धन-जनको क्षतिमात्र भएन यसले चरम मानव अधिकारको उल्ङ्घन र मानवता बिरोधी गतिविधि समेत भएका धेरै दृष्टान्तहरु अभिलेखिकरण भएका छन्।

२०८१ चैत्र १५ गते काठमाडौँको तीनकुनेमा भएको घटनामा पनि उल्लेखित विगतको निरन्तरता दोहोरियो। निजी-सार्वजनिक सम्पत्तीमा आगजनी तथा तोड-फोड, आगजनीस्थलमा टेलिभिजन पत्रकार सुरेश रजकको मृत्यु तथा काठमाडौँ किर्तिपुर निवासि सबिन महर्जन जस्ता निर्दोष युवाको गोली प्रहारबाट भएको मृत्यु हुनु, दाजु बहिनी क्रमशः दिनेश र रेबिका खत्रीको गोली प्रहारबाट गंभिर घाइते भइ अस्पतालमा उपचाररत अवश्थामा रहनु, सार्वजनिक तथा नीजि व्यापारी कम्प्लेक्सहरुमा आगजनी तथा लुटपाट हुनु, सार्वजनिक तथा निजी सवारी साधन माथि तोडफोड-आगजनी हुनु, अश्रुग्यास र सुरक्षाकर्मीको अत्याधिक बल प्रयोगबाट धेरै मनिसहरु घाइते हुनुको साथै दर्जनौँ मानिसहरुलाई घटना घटे-घटाइएको दिन देखी हालसम्म पनि गिरफ्तार र धर-पकड गरिरहनु, गिरफ्तार गरिएका मध्य कतिपयको हकमा गम्भिर प्रकृतीका अपराधको मुद्दा अभियोजन गर्नु लगायतका घटनाहरु भएका छन् ।

उक्त घटनामा भौतिक तथा मानवीय क्षतिका कारण गम्भिर मानव अधिकारको उलघंन भई मानवता बिरोधी गतिविधि समेत भएको तथ्य उल्लेखित समग्र परिस्थितीले प्रष्ट पारेको छ।

घटना घटिसके पश्चात सर्वत्र चासो र चिन्ताको विषय बनेको घटना-प्रकरणमा नेपाल सरकारले छानबिन अनुसन्धान गरी दोषि पत्ता लगाई कानूनको दायरामा ल्याउला भन्ने आशा भरोशा भएता पनि गर्दे उक्त घटनाको न्यायिक छानबिन-अनुसन्धान व्दारा दोषि पत्ता लगाइ कानूनी दायरामा ल्याउला भन्ने नागरिकमा आशा-भरोसा थियो। तर, सरकारले न्यायिक छानबिन गर्न अनिच्छा प्रकट गरेको देखियो। यसरी वास्तविक दोषी व्यक्ति/पक्ष/समुह लाई कानुनको दायरामा नल्याउने हो भने, दण्डहिनता र अराजकताले संरक्षण पाउने र परिणामस्वरुप यस्तै र यो भन्दा पनि डरलाग्दा त्राशदीपूर्ण घटनाको निरन्तरताबाट प्रताडित भइरहनु पर्ने नियती नेपाली समाजले भविष्यमा पनि भोग्नु पर्ने सम्भावना संधै जीवित रहने देखिन्छ।

दण्डहिनता र अराजकताको दुष्चक्रबाट नागरिकलाई बचाउने - संरक्षण गर्ने काम मूलतः सरकारको नै हो। लोकतान्त्रिक शासन व्यवस्थामा सरकार लोकतान्त्रिक रहे-भएको पुष्टि गर्ने प्रमूख सर्त भनेको लोक-कल्याणकारी काम गरी नागरिक प्रति जिम्मेवारपूर्ण अभिभावकीय भूमिका व्यवहारत निर्वाह गर्नु नै मानिन्छ। सरकारले २०८१ चैत्र १५ मा काठमाडौँको तीनकुनेमा भएको त्राशदीपूर्ण घटनालाई नजरअन्दाज गर्ने कामलाई सामान्य र स्वाभाविक ठान्दा "**बुढी मरी भन्दा पनि काल पल्क्यो**" भन्ने लोकोक्ति चरितार्थ हुन्छ र भविष्यमा पनि यस्ता घटनाहरुको पुनरावृत्ती हुन सक्ने संभावना भई नै रहन्छ। यसै तथ्यलाई मध्यनजर गरी, दर्जनौँ संघ-संस्था तथा सार्वभौम

नेपाली नागरिकको आग्रह-अनुरोधमा निष्पक्ष-स्वतन्त्र छानबिन गरी प्रतिवेदन सार्बजनिक गर्न २०८१ चेत्र २७ (९ अप्रिल, २०२५) मा यो **"स्वतन्त्र नागरिक छानबिन आयोग" (Independent Fact-Finding Civic Commission)** गठन भएको हो।

यस आयोगले निष्पक्ष रही छानबिन गर्ने क्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यता-प्राप्त छानबिन-अनुसन्धान सम्बन्धी प्रचलनका वीधि, प्रकृया र ढाँचा (मोडालिटी) लाई अवलम्बन गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन र न्यायका मान्य सिद्धान्तलाई छानबिन अनुसन्धानको आधार (basic guidelines) बनाई मिहिन र शुक्ष्म छानबिन अनुसन्धान र परिक्षण गरी यो प्रतिवेदन तयार गरेको छ।

यस आयोगले गठन भएको एक महिना २० दिनको अवधीमा सिमित साधन-श्रोतको प्रयोग-परिचालनबाट आज मिति २०८२ जेठ १४ गते पत्रकार र समाजका प्रबुद्ध तथा सार्वभौम नागरिकहरुको गरिमामय उपस्थितीमा यो पत्रकार-सम्मेलन मार्फत उक्त घटनाको छानबिन प्रतिवेदन सार्वजनिक गरेको छ।

आयोगको छानबिन प्रकृयामा आर्थिक, भौतिक, प्राविधिक रुपले र सुचना उपलब्ध गराई तथा अन्य विविध तरिकाले सहयोग, सदभाव र सुभेच्छा प्रकट गर्नु हुने सम्पूर्ण आदरणीय महानुभावहरु, संघ-संस्था लगायत आम-सार्वभौम नागरिकहरु प्रति यो **"स्वतन्त्र नागरिक छानबिन आयोग"(Independent Fact-Finding Civic Commission)** हार्दिक धन्यवाद व्यक्त गर्दै सबै-सबै प्रति अनुग्रहित कृतज्ञता व्यक्त गर्दछ्। साथै यस घटना सम्बन्धी आयोगले छानबिन प्रतिवेदन तयार गर्दा कहीं-कतै हुन गएका मानवीय त्रुटी (Human Error) तथा छपाइको सिलसिलामा रहे-भएका टाइप-प्रिन्टिङ्गका त्रुटीहरुलाई आयोगले नियतवस गल्ती गरेको नठानि त्यस्ता त्रुटी सच्याई अध्ययन गरिदिनुहुन आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

अन्त्यमा, यस्ता घटनाको छानबिन अनुसन्धान गर्न नागरिक स्तरबाट गठन भएको नेपालको इतिहासमा सम्भवतः यो पहिलो आयोग भयकोले; आयोगले सार्वजनिक गरेको यो **छानबिन प्रतिवेदन** भविष्यमा पनि प्राज्ञिक अध्ययनका लागि समेत महत्वपुर्ण सन्दर्भ सामग्रीको रुपमा रहने तथा सम्पूर्ण नेपाली नागरिकको सम्पत्तीको रुपमा चीर-काल पर्यन्त रही रहनेछ भन्ने समेत आयोगले विश्वास गर्दछ।

## स्वतन्त्र नागरिक छानबिन आयोग (IFCC) गठनको आवस्यकता र औचित्यता

काठमाडौँको तीनकुनेमा **"राष्ट्र-राष्ट्रियता धर्म तथा नागरिक बचाउं महाअभियान**" नामको संस्थाले आयोजना गरेको सभामा उपस्थित भएका नागरिकहरु तथा सुरक्षाकर्मी बिच भएको असमाञ्जस्यताबाट उत्पन्न परिस्थितीले मानवीय तथा भौतिक क्षतीको अवस्था सृजना गर्यो। उक्त घटनामा टिभी जर्नालिष्टको आगजनीमा परी तथा किर्तिपुर निवासी सविन महर्जनको गोली लागेर मृत्यु हुनुको साथै नाताले दाजु-बहिनी दिनेश र रेबिका खत्री समेत लाई गोली लागि अस्पतालमा उपचाररत रहेको अवस्था लगायत मानव अधिकार उलंघनका गम्भिर घटनाहरु र ठुलो मूल्य बराबरको निजी र सार्वजनिक भौतिक सम्पत्तिको क्षति हुँदा समेत नेपाल सरकारले छानबिन अनुसन्धान गर्न अनिच्छा देखाएको कारणः सामाजिक संघ-संस्था तथा सार्वभौम नागरिकहरुको आग्रह–अनुरोधमा मितिः २०८१ चैत्र २७ गते (९ अप्रिल, २०२५) मा पाँच सदस्यीय यस "**स्वतन्त्र नागरिक छानबिन आयोग" {Independent Fact-Finding Civic Commission (IFCC)** गठन भएको हो।

## परिच्छेद १

## 'परिचयात्मक खण्ड' १

**१.१** २०८१ चैत्र १५ काठमाडौँको तीनकुने क्षेत्रमा सभा-आयोजना गर्ने अनुमती जिल्ला प्रशासन कार्यालय काठमाडौँले नै दिएको देखिन्छ। उक्त सभा सुरु हुनु भन्दा अगाडि राष्ट्रिय गान... "सयौँ थुङ्गा फूलका हामी ......." बजिरहेको समयमा सभास्थल वरिपरी रहेका अग्ला घरका छतबाट अश्रुग्यासका सेल मञ्च मा नै प्रहार भएपछी[1] परिस्थिती बिग्रँदे जाँदा सुरक्षाकर्मी र सभामा सहभागी हुन आएका मानिसहरुको बिचमा एउटा अराजक परिस्थितीको सृजना हुन गयो।

**१.२** सरकारले तीनकुने घटनाको सम्बन्धमा छानबिन गर्न अनिच्छा देखाएको (प्रधानमन्त्री तथा गृहमन्त्रीले संसदमा नै व्यक्त गरेको अधिकारिक धारणाले छानबिनमा सरकारको अनिच्छा रहेको स्पष्ट पारेको कारण सार्वभौम नेपाली नागरीक र बिभिन्न सामाजिक संघ संस्थाको आग्रह-अनुरोधमा तीनकुनेमा घटना घटेको १२ दिन पश्चात २०८१ चैत्र २७ (मार्च २७, २०२५) मा यो **स्वतन्त्र नागरिक छानबिन आयोग(Independent Fact Finding Commission)** गठन भई यस आयोगले आज यो छानबिन प्रतिवेदन सार्वजनिक गरेको छ ।

## परिच्छेद २

## छानबिन अनुसन्धानको कार्यबिधी (Methodology)

२.१ उल्लेखित सभामा भाग लिन गएका १५ जना भन्दा बढि मानिसहरुले घटनाको सम्बन्धमा भएको सम्बाद-छलफल, अन्तरक्रिया र सवाल-जवाफमा व्यक्त गरेका धारणा, दिएका सुचना-जानकारी तथा तथ्य-तथ्याङ्कहरुलाई छानबिन प्रकृयामा आयोगले आफ्नो सन्दर्भ-सामाग्रीको रुपमा प्रयोग गरेको छ।

२.२. घटनास्थल वरीपरी स्थायी-अश्थायी रुपमा बसोवास गर्ने १० जना स्थानिय मानिसहरु, प्रत्यक्षदर्शीहरु संग आयोगले भएको संवादमा चश्मदिद गवाहहरुले व्यक्त गरेका धारणा तथा अभिव्यक्तीहरुलाई यस छानबिन प्रतिवेदनको सन्दर्भ-सामाग्रीको रुपमा प्रयोग गरिएको छ।

२.३ समाजका प्रबुद्धवर्ग, विद्वान, बुद्दीजिवी, वकिल, पत्रकार निवृत्त कर्मचारि तथा सेना प्रहरीका निवृत्त अफिसरहरु, पूर्व-न्यायाधिस, राजनीतिज्ञ तथा राष्ट्रिय मानव अधिकार आयोग र अन्य मानव अधिकारकर्मीहरुले घटनाको सम्बन्धमा आयोग संग गरेको संबाद-छलफललाई छानबिनको श्रोतको रुपमा अङ्गिकार गरिएको छ।

२.४ घटना सम्बन्धमा बिभिन्न संचारमाध्यमले प्रशारण गरेका श्रव्य-दृष्य, पत्र-पत्रिकाका समाचार, लेख तथा बिभिन्न संचार-माध्यमबाट प्रशारण भएका समाचार तथा अन्तरवार्ताहरुलाई छानबिन प्रतिवेदनका श्रोत-सामग्रिको रुपमा प्रयोग गरिएको छ।

---

[1] बिभिन्न संचार माध्यमले देखाएको भिडियो रिपोर्ट र कार्यक्रम स्थलमा उपस्थित भएका चस्मदिद गवाहहरुको बयानको आधारमा

२.५ चैत्र १५ को कार्यक्रम प्रति लक्षित रही सम्माननीय प्र.म. खडग प्रसाद वली, माननीय गृहमन्त्री रमेश लेखक, नेपाल प्रहरी प्रमुख दिपक थापा तथा अन्य राजनीतिक दलका नेताले व्यक्त गरेका धारणा र कार्यक्रमका आयोजकका तर्फबाट व्यक्त धारणालाई समेत घटनाको सन्दर्भ सामाग्रीको रुपमा ग्रहण गरिएको छ।

२.६ आगजनीमा परी मृत्यु भएका **सुरेश रजक, सविन महर्जन** र गोली लागि घाइते भएकी **रेविका खत्री**को परिवारका सदस्यहरुले आयोगसँगको संवाद छलफलमा व्यक्त गरेका धारणा, मृतक सुरेश रजकको लास-जाँच प्रतिवेदन, मृतक सुरेश रजकको जलेको अवस्थामा खिचिएको मृत शरीरको तस्विर तथा लाश-जाँच प्रकृती मुचुल्का (प्राप्त हुन नसकेको) लाई छानबिन अनुसन्धानमा मौलिक माध्यम र श्रोतको रुपमा ग्रहण गरिएको छ।

२.७ घटनामा गोली लागी गम्भिर घाइते भएकी **रेविका खत्री**का बुबा तुलसीराम खत्री र भाउजु अनिशा खत्रीले आयोगको कार्यालयमा आएर गरेको संम्बादको सिलसिलामा व्यक्त गरेको धारणा तथा उपचाररत घाइते **रेविका खत्री**को शरीरमा रहे-भएका घाउको तस्वीरहरु समेतलाई छानबिन अध्ययनको माध्यम श्रोतको रुपमा अङ्गिकार गरिएको छ।

२.८ घटनास्थलको स्थलगत अध्ययन/निरिक्षण, आगजनी भएका घरहरुको स्थलगत अवलोकन र आगजनी तथा तोडफोड बाट क्षतिग्रस्त भएको जडिबुटी प्रशोधन-केन्द्रकी निमित्त प्रमूख उषा रिजाल लगाएत अन्य कर्मचारी र मजदुरहरुसंग समेत भएको संबादलाई छानबिन अनुसन्धानको माध्यम बनाइएको छ।

२.९ मानव अधिकार सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय सर्वमान्य सिद्दान्तहरु, मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्र -१९४८ (U N Human Rights Declaration-1948) संयुक्त राष्ट्र संघिय मानव अधिकार सम्बन्धी अभिसन्धी, जेनेभा कन्भेन्सन, १९४९, यु एन सिभिल एण्ड पोलिकल राइटस्-१९६६ र यसका दुईवटा अभिसन्धीहरु, यातना बिरुद्धको अभिसन्धी-१९८४, नेपालको संबिधान र प्रचलित नेपालको फौजदारी न्याय प्रणालीका सर्व मान्य सिद्धान्त, सम्मानित सर्बोच्च अदालतका नजीर-सिद्धान्त, राष्ट्रिय मानव अधिकार आयोगको नीति-सिद्धान्त र निर्देशिका, प्रचलित मुलूकी फौजदारी (संहिता) ऐन २०७४ समेतलाई छानबिन अनुसन्धानमा आकर्शित हुने सन्दर्भ-सामाग्रीको रुपमा ग्रहण गरी आयोगले आफ्नो छानबिन प्रतिवेदन तयार गरेको छ।

## परिच्छेद ३

## घटनाको श्रृङ्खलाबद्ध विकाशक्रम सम्बन्धमा एक सिंहालोकन (Overview)

३.१. तीनकुनेमा २०८१ चैत्र १५ गते आयोजना गरिएको कार्यक्रम हुनुभन्दा केही दिन अगाडि देखि **नेकपा (एमाले)**, **नेकपा (माओवादी केन्द्र)**, **नेकपा (समाजवादी) पार्टी** हरुले उक्त १५ गतेको कार्यक्रमलाई लक्षित गरी व्यक्त गरेका धारणा (राजसंस्था पक्षधर विरुद्ध कटु आलोचना गर्दै) तथा आयोजक दुर्गा प्रशाईं समूहबाट व्यक्त धारण समेतलाई मध्यनजर गर्दा तीनकुने घटनामा राजनितीको मुलधारमा रहेका राजनीतिक दल र दुर्गा प्रशाई तथा राजसंस्थावादी समूह संगठन बिच लामो समयदेखी असहिष्णु प्रवृत्ती देखिएको र सोहि अनुरुप एकले अर्कालाई दुश्मन समूह (Rival Group) को रुपमा व्यबहार गर्दै आएको देखिन्छ। त्यसैको आधारमा एकले अर्कालाई निषेध गर्ने किसिमको व्यक्त-अव्यक्त रुपमा शक्ति संघर्षको अवस्था देखिन्छ।

३.२. तीनकुने घटना भएको ४०-४५ दिन पछिसम्म पनि घटनामा जोडिएको आरोपमा दर्जनौँ मानिसहरुलाई धर-पकड र गिरफ्तार गर्ने तथा गिरफ्तार गरिएका मनिसहरु बिरुद्ध गम्भिर प्रकृतिका आरोप-कसुरमा मुद्दाको कथित अनुसन्धान (छानबिन अनुसन्धान नगरी राज्य विरुद्धको अपराध, सांगठनिक अपराध, अपराधिक उपद्रव, कर्तव्यज्यान र ज्यानमार्ने उध्योग आदि) र गिरफ्तार गरिएका मानिसहरुको विरुद्ध वेरितपुर्वक मुद्दाको अभियोजन हुने क्रम बढदै गएको देखिन्छ।

## परिच्छेद ४

## तीनकुने कार्यक्रमको सुरक्षा-प्रवन्धको एक अध्ययन

**४.१** नेपाल सरकारका गृहमन्त्री माननीय रमेश लेखकले संसद तथा अन्य सार्वजनिक संचारमाध्यम मार्फत व्यक्त गरेका धारणा अनुसार उक्त दिनको सभामा सहभागी हुन आएका मानिसहरु करीव चार हजारको संख्यामा थिए र सुरक्षाकर्मी तर्फ जनपद प्रहरी तथा सशस्त्र प्रहरी बल समेत गरी जम्मा ३,५०० को संख्यामा सुरक्षाकर्मीहरु परिचालन गरिएको थियो । सरकारी तहबाट आएको यो अभिव्यक्तिलाई बिचार गर्दा आन्दोलन वा सभामा उपस्थित भएका एक मानिस वरावर सालाखाला ०.८७५ अर्थात झण्डै एक सर्वसाधारण मानिस-बराबर-एक-सुरक्षाकर्मीले सुरक्षा व्यवस्था गर्न सक्ने गणितीय हिसाबले देखाउँछ।

**४.२** सरकारी धारणा अनुसार उल्लेखित चार-हजारको शंख्यामा रहेका आन्दोलनकारीले तीनकुनेको करिव ५० रोपनी खुला जमीनमा सभा-संचालन गर्ने मञ्चको व्यवस्था गरेको र उक्त सभामा सहभागीहुन आएका मानिसहरु मञ्चको वरीपरी उभिएको अवस्थामा र उल्लेखित सभास्थल रहेको पूर्व-दक्षिण, पूर्व-उत्तर र पश्चिम-उत्तर तर्फ रहेको कालो-पत्रे चौडा सडकमा समेत सर्वसाधारण सभागीहरुहरुको बाक्लो उपस्थिती भएको कुरा बिभिन्न श्रव्य-दृष्य भिडियो-क्लिपस् तथा प्रत्यक्षदर्शीहरुको भनाइले पुष्टी गर्दछ। कार्यक्रमस्थलको पश्चिम-उत्तर तर्फ रहेको सडक र कार्यक्रम स्थलबाट सीधा पश्चिमतर्फ रहेको (वानेश्वर तर्फ) सडकमा मात्र सुरक्षाकर्मिको बाक्लो सुरक्षा तैनाथी अवस्थामा देखिन्छ। यस सम्बन्धमा अमेरिकामा रहेका नेपाली यु-ट्युब पत्रकार; टङ्क दहालको भनाई अनुसार "***तीनकुने सभास्थलतिर आउने जुलुसलाई सबैतिरबाट सुरक्षाकर्मीहरुले ठाउँ-ठाउँमा रोकर राखेको र सभास्थल पुग्नसम्म पुग्न नदिएको देखिन्छ। सबै मानिस तिनकुने आमसभास्थल पाएका थिएनन।***"[2] तर कार्यक्रमस्थल भित्रको जमिनमा र कार्यक्रमस्थलको सीधा पुर्वतर्फको (कोटेश्वर तर्फ) सडक तथा पूर्व-उत्तरतर्फ को सडकमा एकजना पनि सुरक्षाकर्मी सुरक्षा तैनाथीमा खटिएको नदेखिनु सुरक्षा मामिलाको दृष्टिकोणबाट अर्थपूर्ण देखिन्छ।

**४.३** त्यस्तै गरी कार्यक्रमस्थलको वरीपरीको क्षेत्रमा स्थाई-अस्थाई रुपमा बसोवास गरिरहेका र घटना घटदाको समयमा घटनास्थलमा नै उपस्थित रही प्रतक्षदर्शीको रुपमा रहेका मानिसहरुले, सुरक्षकर्मीको सुरक्षा तैनाथि, गतिविधि र सुरक्षा-कार्यबाहीको (Security-operation) रुपमा भए-गरेका काम-कार्यबाहिको सम्बन्धमा बताए अनुसार कार्यक्रमस्थलको पुर्व-दक्षिणमा रहेका निजि घरहरुको छतमा समेत (हतियारधारी) सादा-पोशाक तथा वर्दीधारी प्रहरीको उपस्थिती रहेको र घरको छतबाट अश्रुग्यास तथा गोली समेत फाएर गर्ने काम भएको स्थानीय स्तरमा सैलुन व्यवशाय गरी बस्ने एक प्रत्यक्षदर्शीको भनाइ अनुसार "***४-५ घरको छतमा बसेर प्रहरीहरु निगरानी राखे, अश्रुग्यास***

---

[2] आयोगसंग टङ्क दहालको भिडियो सुरक्षित ।

***र गोलि समेत हान्ने काम गरिरहेका थिए"***[3] । यद्यपि यो भनाइलाई नेपाल प्रहरीका प्रहरी महानिरिक्षक **दिपक थापा**ले सार्वजनिक सञ्चार माध्यममा[4] खण्डन गर्नु भएको छ। कार्यक्रमस्थल वरिपरीका निजि घरमा आगजनि भइरहँदा लामो समय सम्म आगो नियन्त्रण गर्ने तर्फ सुरक्षाकर्मीले कुनै पहल-प्रयास नगरेको, आगजनी भएको घरको वरिपरी नजिकै प्रहरीका आफ्नै पानीको फोहरा हान्ने मेशिन (water cannon) मौजुद रहँदा रहँदै पनि ती उपलब्ध साधनको प्रयोगबाट समेत आगो नियन्त्रण गर्न सकिने स्थिती हुँदा हुँदै; सो नगरी, दमकल बोलाउन भनेर स्थानीय मानिहरुले गरेको आग्रहलाई समेत प्रहरीले वेवास्ता गरेको, र स्थानियको पहल-प्रयासमा बोलाइएको दमकल समेत समय घडकि सकेपछि मात्र आएकोले आगजनीबाट त्यो हदसम्मको क्षतिहुन पुगेको स्थानिय प्रत्यक्षदर्शीहरुको भनाइ रहेको छ।[5]

**४.४** घटनास्थलबाट करिव १.५ किलोमिटरको दुरीमा रहेको **जडिबुटी प्रशोधन केन्द्र**मा समेत सोही घटनाको जरियाबाट आगजनी भै करोडौं मुल्यको क्षति भएको तथ्य आयोग आफैले उक्त क्षतीग्रस्त क्षेत्रको मिति २०८२ जेठ २ गतेको स्थलगत निरिक्षण अवलोकन गरी क्षतिको विवरण संकलन गरेको छ। उक्त जडिबुटी केन्द्रकी निमित्त-प्रमूख उषा रिजाल तथा अन्य कर्मचारी, मजदुरहरुले आगजनी सम्बन्धमा व्यक्त गरेका धारणा समेत मुल घटना कार्यक्रमस्थल वरीपरीका घरहरुमा भएको आगजनी सम्बन्धमा स्थानियहरुले व्यक्त गरेका अभिव्यक्ति संग मिल्दा जुल्दा देखिन्छन्। "***आगजनी सुरु भए लगतै सो सम्बन्धमा प्रहरीलाई खबर गरिएको, तर खबर प्राप्त भएको चार-पाँच घन्टा पछि मात्र प्रहरी घटनास्थलमा आएको; दमकललाई समेत खवर गर्दा खबर गरेको तीन-चार घन्टा पछाडि मात्र आगजनीस्थलमा पुगेको"*** समेत निमित्त-प्रमूख उषा रिजालले बताउनु भएको छ।

**४.५** घटनास्थलबाट अन्दाजी ८०० मिटरको दुरीमा रहेको नेकपा (समाजवादी) पार्टीको कार्याकलयमा मिति २०८२ जेठ २ मा आयोगले स्थलगत निरिक्षण-अवलोकन गर्न जाँदा **ने.क.पा. समाजवादी** का नेता माननीय सांसद **सेर बहादुर कूँवरले** आयोगसंग गरेको संवादमा ***"ठुला पार्टी कार्यालयहरुमा प्रहरीको सुरक्षा तैनाथी गरिएको तर आफ्नो कार्यालयमा भने ५-६ सुरक्षाकर्मी राखिदिन आई.जी.पी. तथा गृहमन्त्रीलाई आग्रह गर्दा पनि समयमा नआएको"*** र "***यदी उनिहरुले समयमा नै प्रहरी पठाइ दिएको भए कार्यालयमा तोडफोड आगजनी नहुने '*** बताउनु भएको छ। उहाँले यसलाई पनि "**एउटा *षडयन्त्रको पाटो हो कि?*** भनेर समेत संका व्यक्त गर्नुभएको छ।

उहाँले यो काम "***प्रदर्शनकारीले गरेका हुन*** वा ***घुसपैठिया (Sabotage) गर्ने मार्फत गरे-गराएको हो***, ***यस कुरामा पनि छानबिन होस्"*** भनेर उहाँले माग समेत समेत गर्नु भएको छ।[6]

त्यस्तै गरि पार्टी सचिव राम कुमार भट्टराईको भनाई अनुसार त्यहाँ आएका आन्दोलनकारीहरुले कार्यालयमा रहेका सिलिङ्ग फ्यान देखी ल्यापटप र अफिस सामग्री समेत बोकेर लान सकिने जती सामान कार्यालयवाट लुटी लगेको र "***मैले दुबै संगठनको आई.जी.पी. संग र ए आई.जी.पी. पनि ३.२० देखी नै खबर गरिरहेको थिएं तर प्रहरी सुरक्षाकर्मी आएनन् र जब ४.२० मा हाम्रो कार्यालयमा आगो दन्किन थाल्यो / हामी आफैले आगो निभाउने***

[3] आयोगसंग भएको संबाद सुरक्षित

[4] प्रस्तोता राजेन्द्र बाँनियासँगको अन्तरवार्ता, 27 April, Himalayan TV

[5] एभेन्युजका टि भिका पत्रकारहरुको भनाई (फाइल आयोग संग सुरक्षित)

[6] माननिय सांसद सेर बहादुर कुववरको भनाइ, रेकर्ड फाएल आयोग संग सुरक्षित

***कोशिस गर्दैथियौँ, त्यसको ४५ मिनेट पछि मात्र प्रहरी र दमकल एकैसाथ आइपुगेको थियो।***"[7] आयोगसँगको संवादमा पार्टी सचिव भट्टराईले बताउनु भएको छ।

४.६ माथि उल्लेखित बिभिन्न तह-तप्काका मानिसहरुको भनाई, भोगाई र प्रत्यक्ष रुपमा देखे-जानेको आधारमा उक्त घटनाको सम्बन्धमा व्यक्त गरेको धारणा एक-अर्कामा लगभग समान, एउटै व्यहोरा र एउटै अर्थ लाग्ने किसिमको रहेकोले; यी समग्र घटनाक्रम, तथ्य र उल्लेखित मानिहरुका अभिव्यक्तिलाई अध्ययन विवेचना गर्दा; उक्त दिनको सुरक्षा-प्रवन्ध र व्यवस्थापन तथा नीति-निर्देशन (कमाण्ड-कन्ट्रोल) नै फितलो देखिएको ले सो सम्बन्धमा समेत आधिकारिक तवरले छानबिन अनुसन्धान गर्नुपर्ने देखिन्छ।

हिमालयन टीभि का पत्रकार समिर लामाको भनाइ अनुसार," ***मञ्चमा सैयौँ थुंगा फूलका हामी... राष्ट्रिय-गान बजिरहेको थियो। मञ्चमा कार्यक्रम सुरु नहुँदै अश्रुग्यास प्रहार भयो। करिव १५-२० जना प्रहरीहरु मञ्चमा आएर कार्यक्रम बन्द गर्नुस् भनेको मैले सुनेको थिएँ।"*** अर्का प्रत्यक्षदर्शी तथा गोलि लागी घाइते राममणि अधिकारीको भनाइ अनुसार "***मञ्चमा राष्ट्रियगान सुरु हुनासाथ अश्रुग्यास आयो, भागदौड मच्चियो"***। घटनास्थलको मञ्चमै रहेका अर्का साक्षी खेमराज सैंढाईको भनाई यस्तो छ, "***राष्ट्रिय गान बजिरहेको थियो। कार्यक्रम सुरु हुन लागेको थियो, एक्कास्सी अश्रुग्यास प्रहार भयो अनि भागाभाग मच्चियो। कार्यक्रम बिथोलियो र यस्तो अवश्था आयो।"***

४.७ राष्ट्रिय-गान बजिरहेको समयमा घरको छत जस्तो उच्च-बिन्दु (High Point) बाट सभास्थलामा अश्रुग्यास प्रहार गरिदिँदा मानिसहरु त्रशित र आतंकित हुन गै त्यसैको कारण परिणामबाट सभामा भाग लिन आएका मानिसहरु उत्तेजित हुन गई परिस्थिती अती गम्भिर र जटिल हुन गयो। त्यही समयमा कार्यक्रमका संयोजक दुर्गा प्रशाईले प्रहरीको सुरक्षा-घेरा (Baricade) तोडदै प्रहरीलाई समेत धक्का दिइ संसद भवन तर्फ गाडी हुईंक्याइदिँदा आफ्ना समर्थक र सुभेच्छुकलाई "**आओ, आओ**" भन्दै अगाडि बढन खोज्दाको स्थितीलाई नियन्त्रणमा लिन गोली चलाउनु परेको भन्ने सरकार तथा सुरक्षा प्रमूखहरुको भनाइ रहेको छ।[8]

४.८ "***समयमा नै कुनै उपयुक्त उपाय सरकार, सरोकारवाला र प्रहरीले सोच्न/अपनाउन सकेको भए त्यो हदसम्मको मानवीय र भौतिक क्षति हुन पाउँदैनथ्यो"*** भन्ने नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरिक्षक राजेन्द्र सिंह भण्डारी भनाई रहेको छ। मानवीय क्षती बिना स्थितीलाई नियन्त्रणमा लिन सकिने सरल उपाय (Procedural engagement, propertionate use of Force) को अवलम्वन नगरी कार्यक्रमको संयोजकको गाडीमा क्षती पुर्याउनु, त्यस पछी पनि दुर्गा प्रसाईलाई सोही स्थानबाट नियन्त्रणमा लिन सकिनेमा सो नगरी दुर्गा प्रसाई प्रहरीको खोजी सुचीमा रहेको करिब एक महिनासम्म फरार रहन सक्नु र अन्तिममा दुर्गा प्रशाईको गिरफ्तारीमा समेत दुर्गा प्रशाई र सुरक्षा निकायबाट आयका धारणाहरु बिरोधाभाषपूर्ण देखिनुले; सुरक्षाकर्मीको कमजोरी वा आन्दोलनकारी कै उत्तेजनाको कारण मात्र त्यो हद सम्मको घटना भएको हो? वा घटनाको पछाडी अन्य केही निहित स्वार्थ (Vested interest group) भएका बाह्य-शक्ति (External element) को कारण त्यो हदसम्मको घटना भएको हो? भन्ने निक्यौंल गर्न मिहिन अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्न आवश्यक देखिन्छ।

---

[7] कार्यालय सचिवको भनाई, रेकर्ड फाएल आयोग संग सुरक्षित

[8] नेपाल प्रहरी प्रमूखको पत्रकार राजेन्द्र बानियाँसंगको अन्तर्वार्ता (हिमालय टि भि अप्रिल २७ २०२५)

४.९ कार्यक्रम संयोजक दुर्गा प्रशाईं प्रहरीकै घेरा भित्रवाट फरार भए पश्चात घटनास्थलका वरिपरिका नीजि घरहरुमा आगजनी हुनु र गोली हान्नु पर्ने सम्मको परिस्थिती नभएको अवस्थामा गोली प्रहार भई मानिसको मृत्यु समत हुनु ; असमानुपातिक र आवश्यकता भन्दा बढी फायर तथा अश्रुग्यासको प्रयोग हुनुमा फिल्डमा खटिएका प्रहरीको कमजोरीको कारणले भएको हो वा तालुक उपल्लो निकायको निर्देशन, प्रभाव-दवावका कारण सुरक्षा व्यवस्था कमजोर देखिएको हो? या फिल्ड कमाण्डरको लापरवाहीको कारणले हुन गएको हो- छानबिन मार्फत मात्र निर्क्यौल-निष्कर्षमा पुग्नु पर्ने आवश्यकता देखिन्छ। नेपाली सेनाका आवकास प्राप्त मेजर जनरल तथा सुरक्षाविद राजेन्द्र थापा तथा बरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी समेतले उक्त घटनामा सुरक्षाकर्मीले अनावश्यक र अत्याधिक बल प्रयोग गरेको धारणा यस योगसंगको संबादमा बतउनु भएको छ।[9]

मूल घटनास्थल तीनकुने बाट करिव १.५. किलोमिटरको दुरीमा रहेको भाट-भटेनी नजिक आफ्नो नीजि कामको सिलसिलाम रहेका दिनेश र रेविका खत्री गोली लागेर गम्भिर घाइते भई रेविका खत्री अंगभङ्ग को स्थितीमा शिक्षण अस्पताल महाराजगंजमा उपचाररत रहेको अवस्था छ। "रेबिकालाई गोली लागेको स्थान तीनकुनेको मूल कार्यक्रमस्थाल भन्दा अन्दाजी १.५. किलोमिटरको दुरीमा मानिसहरुको ठुलो भिड-भाड, हुल-हुज्जत केही नभएको स्थानमा गोली हानिएको सम्बन्धमा "***त्यती टाढा गएर प्रहरीले गोली हान्नु पर्ने सम्मको कुनै आधार-कारण नै नहूँदा पनि किन गोली चलाईयो? यसले हामीलाई आश्चर्य र दुःखित बनाएको छ***।" भन्दै रेविकाका बुबा तुल्सिराम खत्री र भाउजु अनिशा खत्रीले यस आयोगसंगको सम्बादमा गुनासो र दुःख व्यक्त गर्नु भएको छ ।

४.१० ललितपुरतर्फको चक्रपथ लाइनको पश्चिम भागमा (कोटेस्वर माहादेवस्थान तर्फको भाग) मा पूर्वतर्फको भाटभटेनी सुपरमार्केटको क्षेत्रबाट प्रहरीले रेविका खत्रीलाई गोलि हानेको समयमा नै भाटभटेनी सुपरमार्केटमा लुटपाटको घटना घटेकोले भाट-भटेनी वरीपरी मौजुद रहेको अवस्थामा नै सुपरमार्केटको लुटपाट कसरी हुन गयो यो पनि अनुसन्धान गर्नु पर्ने विषय बनेको छ। भाट भटेनीका प्रोपराइटर मीन बहादुर गुरुङ्गले पहिले ७४,००,००००० मूल्य बराबरको लुटपाट भएको दावी गरेका र पछी संचार माध्यमबाट ७६,००,००० मात्र दावी गर्दाका अवस्थामा प्रहरी सुरक्षकर्मी त्यहीँ वरिपरी नै रहेको माथी उल्लेखित तथ्यबाट पुष्टी हुन्छ। यसरी प्रहरी सुरक्षाकर्मी वरिपरि रहेको अवस्थामा नै भाट-भटेनी सुपरमार्केटमा लुटपाटको घटना घट्न पुग्नु यो अर्को रहस्मय विषय बनेको छ।

**४.११** यी समग्र घटनाक्रम विकास हुँदै जाँदा साँझपख तीनकुने वरिपरिको क्षेत्र कभरेज गरी भोलिपल्ट चैत्र १६ गते) बिहानको समय सम्म स्थानीय प्रशासनले निषेधाग्याँ (Curfew) जारी गरी सेना समेत परिचालन गरेको वारेमा त्यो सेना वरिष्ठ पत्रकार युवराज घिमिरेले आयोग संगको सम्वादमा बताए अनुसार " ***त्यस्तो सामान्य परिस्थितीमा पनि सेना परिचालन गरिनु सेनाको दुरुपयोग हो, संवैधानिक र प्रचलिय कानूनको निर्दिष्ट वीधि विपरित हुने गरि सरकारले सेनाको परिचालन गर्नु खेदजनक छ"।***[10] उक्त दिन सेनाको परिचालन वैधानिक नै भएपनि आबस्यक थिएन भन्ने सुरक्षा जानकार तथा मानव आधिकारकर्मीको भनाइ रहेको छ। उल्लेखित समग्र तथ्य र घटनाक्रमको विश्लेषण गर्दा सुरक्षा प्रबन्ध व्यवस्था, सुरक्षा कमाण्डिङ् लगायत सुरक्षा तालुक मन्त्रालय र प्रहरी संगठनको नेतृत्वले उक्त दिन अख्तियार गरेको नीति, सुरक्षा कार्यविधि र सुरक्षाकर्मीको परिचालन

[9] रेकर्ड फाएल आयोग संग सुरक्षित

[10] रेकर्ड फाएल आयोग संग सुरक्षित

(Mobilization) समेत कुनै न कुनै व्यहोराबाट त्रुटीपुर्ण देखिएकोले वस्तु परक र निष्पक्ष भई छानबिन गर्नुपर्ने आवश्यक देखिन्छ।

## परिच्छेद ५

## तीनकुनेमा आयोजना भएको कार्यक्रम सम्बन्धी अध्ययन र तथ्यगत निष्कर्ष

५.१ **राष्ट्र-राष्ट्रियता धर्म र नागरिक बचाउ महाअभियान**को ब्यानरमा आयोजना भएको र राज संस्था र हिन्दु राष्ट्र पुनः स्थापनाको राजनैतिक एजेण्डा अङ्गिकार गर्ने राष्ट्रीय प्रजातन्त्र पार्टी लगायतका अन्य राजनीतिक संगठन-अभियानले समेत उक्त कार्यक्रममा नैतिक समर्थन जनाई कार्यक्रम प्रति ऐक्यवद्धता व्यक्त गरेको देखिन्छ। नवराज सुवेदी, खेमराज सेढाई र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको भनाइ अनुसार नैतिक समर्थन दिई उक्त कार्यक्रममा ऐक्यवद्धता जनाउनु भएको थियो। साथै रा.प्र.पा अध्यक्ष राजेन्द्र लिङ्गदेनले आयोग संगको सम्वादमा बताए अनुसार, "***अहिलेको व्यवस्थाको विकल्प खोज्ने जुनसुकै शक्तीसंग पनि रा. प्र. पा.को ऐक्यवद्धता र नैतिक समर्थन गर्ने पार्टीको नीति अनुरुप नै तीनकुनेको सभालाई हामीले नैतिक समर्थन दिएका हौं।"*** [11]

५.२ "***उक्त दिन दुर्गा प्रसाईंको नेतृत्वमा सम्पन्न गरिने भनिएको कार्यक्रम मूलभुत रुपमा आगामी दिनको लागी गरिने राजसंस्था तथा हिन्दु राष्ट्र पुनर्स्थापना सम्बन्धि आन्दोलनको घोषणा-सभा मात्र थियो र त्यस दिनको कार्यक्रममा नारा-जुलुश सहित कुनै व्यहोराबाट आन्दोलन गर्ने भनि सो सभा आयोजना नगरिएको"*** भन्ने भनाई संयुक्त जन-आन्दोलन समितिका प्रवक्ता अधिवक्ता स्वागत नेपालले आयोग संगको संबादमा बताउनु भएको छ।

**५.३** उक्त दिन आयोजना गरिएको सभा मुलभुत रुपमा दुर्गा प्रशाईंको नेतृत्वमा भनिएता पनि समान बिचार र आस्था भएका धेरै संघ संगठन तथा अभियान र तीनका नेता-नेतृत्वको कार्यक्रममा सहभागिता रहेको ले घटना घटनु अगाडिको अवस्थामा कार्यक्रम परिचालनको स्वामित्व र समन्वय कसले गर्नै भन्ने नेतरत्वको होडवाजीका कारण सभा-संचालनको परिस्थिती पनि बिरोधाभाशपूर्ण देखिन्थ्यो, तर पछिल्लो चरणमा आइपुग्दा कार्यक्रम पछाडि उत्पन्न परिस्थितीको जस-अपजश कसैले नलिने मनोबिज्ञान सबैमा रहेको देखिन्छ। उक्त दिन अतिथिको रुपमा मञ्चमा आशन ग्रहण गर्न पुगेका वयोवृद्ध राजनीतिज्ञ नवराज सुवेदीले आयोगसंग भएको सम्बादमा "***उक्त कार्यक्रमको लागि मात्र दुर्गा प्रसाईंलाई कार्यक्रमको संयोजक तोकिएको हो, सो कार्यक्रमले घोषणा गरी पछि आयोजन हुने आन्दोलन कार्यक्रमको संयोजन म आफैले गर्ने***" भन्ने धारणा व्यक्त गर्नु भएको छ। सम्बादकै क्रममा" **अगाडि देखी म आफु जनआन्दोलन समितीको संयोजक रही आएको भयतापनि आगामी दिनमा हुने जन-आन्दोलनको लागी उक्त दिन आयोजना गरिएको" आन्दोलन-घोषणा-सभा"को मात्र संयोजक दुर्गा प्रसाई रहेको** "व्यहोरा वरिष्ठ राजनीतिज्ञ नवराज सुवेदीले यस आयोगसंगको संवादमा बताउनु भएको छ।

**५.४** चैत्र १५ गते कार्यक्रम हुनुभन्दा एक दिन अगाडि काठमाडौं चाबहिलको स्मार्ट पार्टी-प्यालेसमा आयोजना गरिएको पत्रकार सम्मेलनमा दुर्गा प्रसाईले अभिव्यक्त गरेका समग्र धारणाहरुलाई अध्ययन गर्दा ,दुर्गा प्रसाई स्वयंले राजसंस्था तथा हिन्दुराष्ट्र पुनर्श्थापनाको लागी अब हुने सबै खाले आन्दोलनको संयोजक वा प्रमूख आफै हुने धारणा पत्रकारहरुको बिचमा

[11] रेकर्ड फाएल आयोग संग सुरक्षित

व्यक्त गर्नु भएको थियो। त्यस्तै गरी २०८१ चैत्र १४ गते रातीको समयमा भक्तपुरको ठिमी स्थित दुर्गा प्रसाईको निजि निवासमा समेत पत्रकारहरुको उपस्थिती रही ,भोलिपल्ट अर्थात चैत्र १५ गतेको कार्यक्रमको सम्बन्धमा सोधिएका प्रश्नमा समेत दुर्गा प्रसाईले राजासंग समेत भेटघाट गरी राजाबाट मलाई अब हुने आन्दोलनको कमाण्डर बनाएको भनी पत्राकारहरुले सोधेको प्रश्नको जवाफमा आफ्नो धारणा व्यक्त गरेको देखिन्छ, तर "***राजासंग दर्शनभेट गरेको तथा आन्दोलनको कमाण्डर दुर्गा प्रसाई रहने कुरामा राजाको समर्थन रहेको भन्ने दुर्गा प्रसाईको भनाई प्रती आफु अनभिज्ञ रहेको र त्यसको आधिकारिकता पुष्टि गर्ने आधार म आफुसंग नरहेको*** "भनी आयोग संगको सम्बादमा वरिष्ठ राजनीतिज्ञ नवराज सुबेदीले बताउनु भएको छ। उल्लेखित भनाई तथा तथ्यहरुलाई विचार गर्दा उक्त दिनको कार्यक्रम नेतृत्वको सम्बन्धमा बिरोधाभास पुर्ण रेहेकोले कार्यक्रम संचालनकै कमी-कमजोरीका कारण घटना घटन गएको हो कि भन्ने विषयमा समेत छानबिन गर्नु पर्ने देखिन्छ।

५.५. एउटा प्रकृति (घोषणा सभा) को कार्यक्रम भनि आयोजना गरिएको सभा अर्को प्रकृतिमा रुपान्तरण गर्नु वा हुनु आयोजकमा ज्ञान अनुभवको कारणले वा नियतवस नै त्यस्तो गरिएको हो? जे भएता पनि एउटा प्रकृतिको कार्यक्रम अर्को आकार प्रकारमा रुपान्तरण भई ठुलो संख्यामा मानिसहरु सहभागी भएकाले त्यस्तो ठुलो संख्याका मानिसहरुको भिडको बिचमा बाह्य शक्तिको घुसपैठ भई घटना घटेको हो की? भन्ने सम्बन्धमा तथ्यहरुबाट आशंका उत्पन्न भएकोले छानबिन अनुसन्धान मार्फत घटनाको वास्तविक कारण पत्ता लगाउनु पर्ने सुरक्षा जानकारहरुको भनाई रहेको छ।

५.६ जेठ २ मा यस **स्वतन्त्र नागरिक छानबिन आयोगले** उक्त कार्यक्रमस्थलको स्थलगत निरिक्षण/ अवलोकन गर्दा कार्यक्रम स्थलको नजिकमा इन्धन भण्डारणको ट्याङ्क, बिमानस्थल संसद भवन , राजनैतिक दलका कार्यालयहरु तथा अग्ला भवनमा व्यापारिक प्रतिश्ठानगरु समेत ५०० मि. देखि १ किमी को दुरीमा रहेका र आस्था र बिचारको आधारमा दुई परस्पर प्रतिस्पर्धी राजनैतिक समुहलाई एकै दिन नजिक-नजिकको दुरी (२.५ कि.मी.) मा कार्यक्रम संचालन गर्न जि. प्र. का. काठमाडौँले अनुमती दिएको कारण एउटा समुहका मानिसहरु अर्को समुहमा घुसपैठ भै घटना घटे घटाएको हो की भन्ने सम्बन्धमा समेत अनुसन्धान हुनु पर्ने सुरक्षा जानकारहरुको भनाई रहेको छ।

५.७. काठमाडौँको भृकुटी मण्डप क्षेत्रमा समाजवादी मोर्चाको कार्यक्रम संचालन भई रहँदा ,पुर्व-प्रधानमन्त्री प्रचण्डले कार्यक्रमलाई सम्बोधन गर्दै" ;तीनकुने क्षेत्रमा मण्डलेहरुले आगजनी गरी २-३ जना मनिसहरुको हताहत समेत गराइसकेको भनी पुर्व-प्रधानमन्त्रिको स्तरबाट व्यक्त भएको यस्तो धारणा र त्यस्तो शब्दावलीबाट आम सर्व-साधारण वा आफ्नै पार्टीका समर्थकहरुमा समेत प्रवाह हुने मनोबिज्ञानले मानिसहरुमा सकारात्मक उर्जा पैदा गर्दैन भन्ने राजनीतिक विश्लेषकहरुको धारण रहेको छ। पुर्व प्रधानमन्त्री प्रचण्डले दिनको कति बजेको समयमा उल्लेखित धारणा व्यक्त गरेका हुन र तीनकुनेमा त्यस्तो दुःखद घटना कति बजेको समयमा घटन गएको हो ?घटना र पुर्व-प्रधानमन्त्री प्रचण्डले सम्बोधन गरेको समयको तादाम्यता छ कि छैन् ?यसको पनि मिहिन जाँच ,अनुसन्धान र छानबिन गर्नुपर्ने विश्लेषकहरुको भनाई रहेको छ।

५.८. कार्यक्रम आयोजना हुनु भन्दा अगाडि दुर्गा प्रशाईले आफ्ना समर्थकहरु **मर्न-मार्न तयार छन्** भनि संचार माध्यममा व्यक्त गरेका धारणा र नेकपा एमालेका पार्टी अध्यक्ष तथा नेपाल सरकारका प्रधानमन्त्री के पी शर्मा ओलीले एक कार्यक्रममा" **राजावादीहरु माथी बाघ झैं झम्टनु** भनि आफ्ना समर्थकहरुलाई दिएको निर्देशनले समेत आफु बिरोधी

कार्यकर्ताहरुमा उत्तेजनात्मक मनोविज्ञान पैदा भएकोलेः प्रतिस्पर्धी बिरोधी समुहका मानिसहरु घुसपैठ भइ त्यस्तो घटना घटन गएको कारण तर्फ समेत छानबिन हुन जरुरी छ।

५.१० सरकार र त्यसको मातहतमा रहेका सुरक्षा निकाय, राजनीतिको मूलधारमा रहेका राजनीतिक दल तथा अन्य राज्य संयन्त्र र निकाय समेत आफ्नो राजनैतिक एजेण्डा प्रति अनुदार रहेको पृष्ठभुमिमा आयोजना गरिएको उक्त दिनको कार्यक्रमलाई माध्यम बनाइ कुनै अप्रिय घटना हुनसक्छ भन्ने स्वाभाविक अनुमान / आशंकामा कार्यक्रमका आयोजहरुले पूर्वसावधानी (precaution) अपनाउन नसक्नु ,कार्यक्रमको स्वरुप-प्रकृति परिपक्व नहुनु ,सहभागी समुहहरू धेरै हुनु, आयोजकले सहभागीहरुका बिचमा समन्वय गर्न नसक्नु र एउटै वा एकजना मात्र नेतृत्वमा रही आयोजकमा एकल जिम्मेवारीको बोध नहुनु जस्ता आयोजकका तर्फबाट देखिएका त्रुटी पनि घटनाको कारक तत्वको रुपमा रहन सक्ने देखिन्छ ।

## परिच्छेद ६

## घटनालाई बिषयान्तर गर्ने नियत / प्रयास (Diversionary Tactics)

**६.१** यस्ता प्रकृतिका घटना सकेसम्म घट्न नदिन पूर्व साबधानी अपनाउने, घटना घट्न सक्ने तथ्य आधारहरु पूर्ववत अवस्था देखि शृंखलाबद्ध रुपमा विकास हुदै गएको परिस्थितिमा नागरिक अभिभावकीय संस्थाको रुपमा रहेको सरकारले घटना हुन नदिने वा हुन लागेको अवस्थामा नियन्त्रणका सबै खाले उपाय अबलम्बन गर्नु पर्नेमा सरकारले सो गर्न नसकेको वा नचाहेको पुष्टी हुन्छ| नागरिकको जिउ-धनको सुरक्षा गर्ने प्रमुख दायित्व सरकारको हो, कुनै घटनाको व्यहोराबाट नागरिकको जिउ-धनमा क्षति पुग्न गएमा घटनाको छानबिन- अनुसन्धान मार्फत दोषि पत्ता लगाई कानुनको दायरमा ल्याउने र दण्डहिनता तथा अराजकताको अत्य गरी नागरिकहरुमा शान्ति सुव्यवस्था अमन-चयनको प्रत्याभुति गर्ने-गराउने प्रमुख दायित्व पनि सरकार कै हो | शृंखलाबद्ध विकास हुदै गएका सरकारका नीति, धारणा र दृस्टीकोणको अध्ययनबाट स्थापित हुदै गएका तथ्यले, तिनकुने घटनाको सन्दर्भमा सरकार, माथि उल्लेखित आफ्नो दायित्वबाट पन्छिदै गएको पुष्टी हुन्छ|

**६.२** सरकारले घटनाको सम्बन्धमा उल्लेखित आफ्नो दायित्व पुरा गर्ने तर्फ लाग्नुपर्नेमा सरकार त्यस तर्फ उन्मुख नभएको तथ्यबाट पुष्टी भएकै छ, अझ त्यो भन्दा पनि महत्वपुर्ण विषय: सरकारले उक्त घटनालाई बिषयान्तर गरी दलीय र राजनीतिक वाद (political ism) को लाभ–हानिमा आधारित गराउदै
नागरिकहरुलाई समेत घटना सम्बन्धमा दिग्भ्रमित गराउने सरकारले नीति अख्तियार गरेको देखिन्छ । घटनाको छानबिन अनुसन्धान गरी घटनाको दोषि पत्ता लगाउनु पर्नेमा सो नगरी सार्वभौम संसदमा समेत यो र त्यो दोषि भन्दै सरकार आफैले दोषि चयन गर्नु र दर्जनौ मानिसहरुलाई सोहि आधारमा गिरफ्तार गरी प्रचलित कानुनी व्यवस्था र स्थापित न्यायिक सिद्धान्त बिपरितका सरकारी काम कारवाहीले घटनालाई बिषयान्तर गर्ने नीतिले घटनाको वास्तविक दोषि उम्कने मौका पाई, दण्डहिनता र अराजकताले पश्रय पाउने देखिन्छ । सरकारको तहबाट घटनाको सम्बन्धमा व्यक्त धारणालाई दृष्टिगत गर्दा घटना प्रति सरकारको यथेष्ट संवेदनसिलता देखिदैन, सरकारले राज्यका उपलब्ध सबै साधन श्रोतको प्रयोग परिचालनबाट घटनाको छानबिन गरी दण्डहिनता र अराजकता मौलाउन नदिने, आम नागरिकको लागि एउटा भरोसा योग्य न्यायिक निरोपणको नीति अबलम्बन गर्नुपर्नेमा, मुलतः सरकारले त्यसतर्फ ध्यान नदिएको देखिन्छ। राजनीतिको मुलधारमा रहेका राजनीतिक दलले समेत आ–आफ्नो राजनीतिक लाभ–हानीमा आधारित भइ घटनाको बिषयान्तर हुने तरिकाले गैरजिम्मेवारपुर्ण

धारणा व्यक्त गर्नाले, दोषि पत्ता लगाउने स्थापित र सर्वमान्य कानुनी र न्यायिक मान्यताको विधि धुमिल हुन गई खराब नजिर स्थापित हुने जोखिम रहेको देखिन्छ ।

**६.३** राजनीतिक आग्रह–पुर्बाग्रहमा आधारित भई अपराधिक घटनालाई राजनीतिक सौदा–बाजी तर्फको बिषय बनाउनाले नागरिकहरु राजनीतिक विचारको आधारमा विभाजित हुने र अपराधिक घटनालाई समेत राजनीतिक रंग दिने प्रचलन स्थापित हुन जान्छ। यसले राजनीतिको सहारामा अपराध बच्ने, हुर्कने र मौलाउने दुर्नियति समाजले भोग्नुपर्ने हुन्छ । परिणाम स्वरुप अपराध र राजनीतिको भेद छुट्याउन कठिन हुने हूँदा यसले राजनीतिलाई अपराधीकरण गर्दछ । त्यसैले अपराधलाई अपराधकै सिमा–दायरामा परिभाषित गरी यसलाई यसैको सिमा–दायरामा, स्थापित र सर्बस्वीकार्य विधि मान्यताका आधारमा मात्र अपराधको नियन्त्रण गर्नुपर्ने हुन्छ । तिनकुने घटनाको सम्बन्धमा यसलाई एउटा अपराधिक घटना हो भन्ने तर अपराध विरुद्ध सरकारले अख्तियार गर्ने नीति चाँही स्थापित बिधि प्रक्रियामा आधारित नहुनु बिडम्पनापुर्ण छ।

## परिच्छेद ७

## घटनाको आधिकरिक्क छानबिन नहुदा भविष्यमा हुन सक्ने प्रभाव-असर|

७.१ यस्तो प्रकारको घटनामा छानबिन मार्फत मात्र निष्कर्ष निकाल्ने विगतका अभ्यास नभएका होइनन, मानवीय तथा भौतिक क्षतिको दृष्टिकोणले कम संवेदनशिल रहेका धैरै कम मानवीय तथा भौतिक क्षति भएका घटनामा समेत तदारुकता साथ सरकारले आयोग/समित गठन गरी छानबिन–अनुसन्धान गरेर निष्कर्ष निकालेका हालसालकै दृष्टान्तहरु पनि छँदै छन् । (पोखरा बेलुन काण्डमा प्रमुख जिल्ला अधिकारी, कास्कीको संयोजकत्वमा २०८१ फाल्गुन ४ मा ८ सदस्यिय छानविन समिति गठन भएको) तर संवेदनशीलता र क्षतीको दृष्टिकोणले ठुलो मुल्य चुकाएको त्रासादीपूर्ण र दुःखद तीनकुने घटनामा चाहीं सरकारले छानबिन–अनुसन्धान गर्न अनिच्छा प्रकट गर्नु न्यायिक विधिको दृष्टिकोणले त गलत देखिन्छ नै, उल्लेखित घटनामा सरकारको संवेदनहिनता समेत नदेखिनुले घटनाको सम्बन्धमा सरकारले लिएको नीति रहस्यपूर्ण पनि छ ।

**७.२** घटनामा संलग्न रहे–भएका दोषि (व्यक्ति, समूह, संगठन, निकाय)जो होस् त्यसको स्वतन्त्र पुष्ठी हुने आधार र विधि आधिकारिक न्यायिक छानबिनको पद्दति नै हो, यदि यो विधि पद्दतिलाई बाहेक गरेर सरकार आफैले एक पक्षीय ढंगले दोषि किटान गर्नु, दोषि किटान गरेर गिरफ्तार गरिएका मानिसहरु उपर आफु मातहातका संयन्त्र मार्फत मुद्दा उठान गर्नु, अनुसन्धान र अभियोजन गर्नुः राज्य संयन्त्रको दुरुपयोग मात्र होइन कुनै घटना–अपराधको दोषि यो हो, यो होइन भन्ने सम्मको सरकारले ग्रहण गरेको नीति लोकतान्त्रिक मान्यता अन्तर्गतको शक्ति पृथकीकरण सिद्धान्त विपरित समेत हुन जान्छ । यसरी छानबिन अनुसन्धान बिना नै कसैलाई घटनाको दोषि सरकार आफैले करार गरी कानुनी कारवाहीको दायरामा ल्याउँदा वास्तविक दोषि भाग्ने–उम्कने र निर्दोष मानिसहरुले बिना कसुर अपराधिक दायित्व बहन गर्नुपर्ने अवस्था सृजना हुन जान्छ । जुन जरीयाबाट घटना अपराध घटेको भए पनि त्यसमा परिणाम प्रधान हुन्छ, जरिया वा कारण प्रधान हुदैन । त्यसैले जरिया (कारण) को सम्बन्धमा मात्र धारणा प्रकट गर्ने सरकारी नीतिलेः अपराध गौण हुन जाने र घटनाको वास्तविक दोषीलाई

उन्मुक्ति दिलाई भविष्यमा दण्डहीनता र अराजकता मौलाउने तथा समग्र राज्य संचालनको निमयन–नियन्त्रणमा समेत अपराधिक तत्वको प्रभाव रही मानव सभ्यताको आदर्श माथि नै प्रहार हुने सम्भावना रहनाले; घटनाको निष्पक्ष छानबिन अनुसन्धान मार्फत मात्र निष्कर्षमा पुग्न पर्ने यस आयोगको खम्बिर मान्यता रहेको छ ।

## परिच्छेद ८

## "पत्रकार रजकको मृत्य प्रकरण सम्बन्धमा ।"

८.१ २०८१ चैत्र १५ मा तीनकुनेमा भएका दुखद र त्रासदीपूर्ण घटना मध्ये एभिन्युज टेलिभिजनका फोटो पत्रकार सुरेश रजकको मृत्यु प्रकरण आफैमा एउटा हृदयविदारक घटना त हुदै हो, निजको मृत्यु प्रकरणसंग जोडिन आएका समग्र तथ्य–सन्दर्भको अध्ययन गर्दा यो प्रकरण रहस्यमय पनि देखिएको छ । उक्त दिन आयोजना भएको कार्यक्रम स्थलको उत्तर–पश्चिम तर्फ अबस्थित (आयोगले स्थलगत निरीक्षणको सिलसिलामा उक्त घरका घर धनी व्यक्तिसँग सम्पर्क गर्ने प्रयास गर्दा कोही कसैले पनि घरधनीको बारेमा बताउन नचाहेको अवस्थाबाट स्थानिय मानिस समेत घरधनीको नाम बताउन किन हिच्कीचाएका होलान् ? आयोगलाई आशंका पैदा भएको छ ) ५ तले निजी भवनको दोस्रो तलामा जलेको अबस्थामा रजकको लाश भेटिएको थियो । पूर्व मोहोडा रहेको (झ्याल–ढोका प्रकाश आउने तथा हावा संवातिद हुने क्षेत्र पूर्व तर्फ रहेको र सोहि तर्फ घरको सामुन्ने अगाडि फराकिलो कालो पत्रे सडक समेत रहेको) उक्त भवनबाट कार्यक्रमको सबै दृश्य नियाल्न र पत्रकारको हैसियतबाट आफ्नो क्यामेरामा कार्यक्रमका दृश्यहरु कैद गर्न सजिलो हुने सोचेर हुन सक्छ; पत्रकार रजक उक्त घर भित्र प्रवेश गरेको भन्ने जानकारी मृतकसंगै रहेको अर्को **सहकर्मी पत्रकार अनिल रायमाझी**ले आयोगसंगको संवादमा बताउनु भएको छ । कार्यक्रम स्थलमा नै अश्रुग्यास प्रहार भएपछि बिग्रिन गएको समग्र परिस्थिति पश्चात दिनको अन्दाजी २.३० बजे उल्लेखित भवनमा दोस्रो तलामा थुपारिएका कागजहरुमा आगजनी शुरु भएको तथा उक्त भवनको हरेक तलाबाट बाहिर निस्कन (Exit) को लागि उत्तर–पश्चिम तर्फ अगाडि बढेर भर्याङ्ग भुइतला तर्फ आउने निस्कने निकास रहेको जानकारी सुरेश रजकका सहकर्मी पत्रकारहरु; सुधिर फुँयाल समेतले आयोगसंगको संवादमा बताउनु भएको छ ।

८.२ "**पत्रकार रजकको मृत शरिर उक्त भवनको दोस्रो तलाको निकास वा बाहिर निस्कन सकिने दिशा (Direction) भन्दा ठिक उल्टो (जहाँबाट कुनै निकास वा बाहिर निस्कने, उम्कने, भाग्ने निकास नभएको) दिशामा भित्ताको एउटा कुनामा पुष्ठ (heap) भुईमा बसेको खुट्टा आधा सम्म खुम्च्याईएको (Bent) र खुम्च्याईएको खुट्टाको घुँडा माथि हात रहेको अवस्थामा मृत शरीरको शारीरिक अबस्थित (Posture) रहेको थियो।**"[12] कुनै व्यहोराबाट आपत–विपत परि आफ्नो ज्यानसमेत जाने अवस्था आइलाग्दा मानिस भाग्न–उम्कन सक्ने निकाश भएको दिशा तर्फ जाने यो आत्मारक्षा सम्बन्धि स्वाभाविक प्राकृतिक गुण हो तर मृतक रजकको मृत शरीर भाग्ने–उम्कने झ्याल–

[12] मृत शरीरको अवस्थितिलाई देखेका प्रत्यक्षदर्शी पत्रकार सुधिर फुयालले आयोगलाई बताउनु भएको छ ।

ढोका तर्फ नभई त्यसको ठिक बिपरित दिशामा मर्दै गर्दाको स्वाभाविक शारिरीक अबस्था भन्दा फरक; कसैले त्यो अवस्थामा मिलाएर राखिदिए जस्तै देखिने आकृतिमा रहेको तथ्यलाई विचार गर्दा, आगजनीमा परि मृत्यु भएको होकी, कुनै अन्य ब्यहोराबाट कर्तब्य हुन गई आगजनी भन्दा अगाडी नै मृत्यु भएको हो ? वा निजको मृत्यु सम्बन्धी कर्तव्यमा देखिने–भेटिने प्रमाण लोप–नष्ट गराउने उद्देश्यले चाँही आगजनी गरे–गराइएको हो ? यी यावत शंकास्पद तथ्यको निष्कर्षमा पुग्न स्वतन्त्र छानबिन र अनुसन्धान हुनुपर्ने देखिन्छ ।

८.३ आगजनी सुरु हुनासाथ तत्कालै आगजनीबाट मानिसको मृत्यु भई हाल्दैन, त्यसमा पनि त्यँहा भएको आगजनी एकै चोटी घेराबन्दीको अवस्थामा आगोको मुस्लो निस्किएको होइन, सानो आकारमा कागजहरु सल्कदै करिब १०–१५ मिनेट पछाडी मात्र आगजनी ठुलो आकारमा सल्किएको हो र त्यति समयसम्ममा जस्तो सुकै शारीरिक कमजोरी भएको मानिस पनि भाग्ने–उम्कने दिशा (Direction) तर्फ जान सक्ने अवस्था देखिन्छ । आगोको राप–ताप र धुँवाले निसासिने अवस्था आउन्जेल शारीरिक रुपमा अत्यन्तै तन्दुरुस्त सवल रहेको मानिस १०–१५ मिनेटको समय सम्म आगजनी भइरहदा भाग्ने–उम्कने ठाउँ तर्फ नगई आगजनी स्थलमा नै आफ्नो मृत्युको अबस्था आउन्जेल सम्म किन बसी रहे भन्ने तथ्यगत प्रश्नको सेरोफेरोबाट छानबिन अनुसन्धान नगरी आगजनी कै कारण मात्र सुरेश रजकको मृत्यु भएको हो भन्नु बस्तुपरक हुदैन । एभिन्युज टेभिजनका अनिल रायमाझीका अनुसार, "***मृतक रजक शारीरिक रुपमा हट्टा–कट्टा, तन्दुरुस्त र आपत बिपतमा कसरी आफु सुरक्षित हुन सकिन्छ भनेर तुरुन्त उपयुक्त निर्णय लिन सक्ने क्षमता भएका मानिस हुन्*** "।

८.४ पत्रकार रजक फोटो पत्रकार रहेको र उक्त कार्यक्रम स्थलको रिपोर्टिङका लागि उनीसँग अन्य सहकर्मी साथीहरुः पारश श्रेष्ठ, मनोज महर्जन समेत गएका थिए । दृश्य कैद गर्न सजिलो हुने उद्देश्यले उल्लेखित घर भित्र मृतक रजक प्रवेश गर्दा सहकर्मी साथीहरुलाई सो जानकारी रहेको र त्यही घरको तल (सडकखण्ड) को वरिपरी नै सहकर्मी साथीहरु रहेको अवस्था थियो । "आगजनी सुरु हुन साथ मृतक रजक आफु भाग्न–उम्कन नसक्ने कुनै कारण–ब्यहोरा (भाग्ने ठाउँ–दिशा तर्फ छेकवार ताला बन्द वा अन्य यस्तै छेकवार) भएको भए पनि तत्काल आफुसंग भएको फोन प्रयोग गरेर नजिकै रहेको सहकर्मी साथीहरुसँग हार-गुहार गर्न सक्नेमा सो समेत गर्न नसक्ने के त्यस्तो अवस्था आइपुग्यो भनि **"मिति २०८२, बैसाख २८ मा मृतक सुरेश रजकको परिवारका सदस्यहरुले यस आयोगलाई बताउनु भएको छ ।" "त्यस्तै गरी मृतक रजकसंग मोबाइल फोन थान–२ क्यामेरा थान–१ साथै अन्य आवश्यक संचार उपकरण** (devices) **हरु साथमा नै थियो, कागजमा भएको आगजनीमा अवशेष नै नरहने गरी ती सब सामाग्री कसरी जलेर नष्ट भए?" यो तथ्य समेत शंकास्पद छ भनि मृतक रजकका परिवारका सदस्यहरुले आयोगसंगको संवादमा बताउनु भएको छ ।**

८.५ "***पत्रकार रजकको मृत्यु भएको कोठामा अर्को तिरबाट क्यामेराले भिडियो खिच्दै गरेको, एउटा मान्छेले त्यँहा पत्रकार रहेछ भन्दै गरेको दृश्य देखिन्छ । त्यँहा रजक निस्फिक्री रुपमा आफ्नो फोनबाट रेपोर्टिङ गरी रहेको जस्तो वा क्यामेराले कुनै–केहि दृश्य कैद गरिरहेको जस्तो देखिन्छ । त्यसको लगतै तल सडकमा कसैले माथि आगजनी भएको स्थलमा मान्छे ट्र्यापमा परेको छ, बचाउनु पर्यो भन्दै गरेको; तर प्रहरीले चेक गरिसकेको, त्यहा***

***कोहि पनि छैन भनेको सुनिन्छ*** ।" [13] यो रिपोर्टले समेत पत्रकार रजक उक्त घर भित्र रहेको ब्यहोरा प्रहरीलाई जानकारी दिँदा घरभित्रको आगजनी हुँदै गरेको ठाउँमा अगाडि नै निरक्षण गरिएको र त्यहा कोहि पनि मान्छे नरहेको प्रहरीले निश्चित गरेको देखिन्छ । सुरक्षाकर्मीले नै आगजनीमा कोही मानिस नरहेको र मानवीय क्षति नहुने निश्चित गराए पनि पत्रकार रजक सोही आगजनी स्थलमा पछि मृत अबस्थामा भेटिएको यो तथ्यबाट पत्रकार रजकको मृत्यु रहस्यमय बनेको छ । ***"भित्र आफ्नो मान्छे ट्रयापमा परेको कारण उसलाई बाहिर निकाल्न सहयोग गरी उद्दार गर्नु पर्यो भनि हामीले प्रहरीलाई बारम्बार आनुरोध गर्दा पनि प्रहरीले केहि नगरेको, त्यहा कोहि छैन चेक गरी सकेको भन्ने जवाफ प्रहरीले दिएको थियो ।"*** आयोग संगको संवादमा एभिन्युज टेलिभिजन पत्रकार अनिल रायमाझीले ब्यक्त गरेको यो भनाइ र पत्रकार टंक दाहालको भिडियो रिपोर्टिङको जानकारी–व्यहोरा एकै प्रकारको रहेको तथ्यबाट पत्रकार सुरेश रजकको उद्दार गर्ने प्रहरीको उत्सुकता देखिदैन । उक्त दिनको समग्र घटनामाः सुरक्षा व्यबस्थापन, तैनाथी र परिचालनमा प्रशस्तै प्रश्न जन्मिएका र आधिकारिक छानबिन–अनुसन्धान बिना पत्रकार रजकको मृत्युको कारण पनि आगजनी नै हो भन्न सकिने स्थिती छैन ।

८.६ पत्रकार सुरेश रजक मृत अवस्थामा भेटिएको घर एउटा निजि घर हो, रजकले आफ्नो मोवाइल फोन मार्फत प्रेसित गरेको एउटा Text Message लाई रजक संगको अन्तिम वार्तालाप भनि एभिन्युज टेलिभिजनले भनेको छ, उक्त मेसेजमा रजकले **"घर माथि (छत तर्फ) प्रहरी भएकोले मानिसहरु माथि जादैछन"** भनि लेखेका छन् । निजि घर भित्र घरको छत सम्म प्रहरी के कति कारणले सुरक्षाको कुन रणनीति अख्तियार गर्ने उद्देश्यले गएका हुन् भन्ने यो तथ्यगत प्रश्नको जवाफ अनुत्तरीत छ । **"पत्रकार सुरेश रजकको मृत्युसंग जोडिएका कयौं कुराहरु असाधारण रहेको"** भनाइ नेपाल प्रहरीका पूर्व ए.आई.जी. राजेन्द्र भण्डारीले आयोगसंगको संवादमा बताउनु भएको छ । रजकको लाश–जांच प्रकृति मुचुल्का गर्दा प्रहरी–सुरक्षाकर्मीले कानुनले निर्धारण गरेको कार्यविधि बमोजिम नगरिएको भन्ने धेरै जानकारहरुको भनाइ छ **"मृतक रजकको लास–जांच प्रकृति मुचुल्का उठाउदा हामी परिवारका सदस्य कसैलाई पनि संलग्न गराईएन"** भन्ने भनाइ मृतक रजकका परिवारका सदस्यहरुले आयोगसंगको संवादमा बताउनु भएको छ । मृतक शरीरको फोटो विशेषज्ञ चिकित्सक मार्फत अध्ययन गर्दा पेटमा ठुलो प्वाल जस्तो देखिएको (गोलीको प्रहारबाट यस्तो प्वाल हुन सक्ने सुरक्षा जानकारहरुको भनाइ) तर सो सम्बन्धमा शव परिक्षण प्रतिवेदन (Post Mortem Report) मा केहि पनि उल्लेख नगरेको पाइयो । अझ महत्वपूर्ण र शंकास्पद तथ्य त के पनि पाइयो भने, शव परिक्षण अनिवार्य रुपमा लास जांच प्रकृति मुचुल्कको आधार मात्र गर्नुपर्ने कानुनी ब्यबस्था रहेकोमा प्रहरीले शव परिक्षण गर्न चिकित्सकलाई सो लाश जाँच प्रकृति मुचुल्का उपलब्ध नै नगराई शव परिक्षण गरी प्रतिवेदन तयार भएको समेत तथ्य भेटिएकोले कानुन बमोजिम आफ्नो काम कर्तब्य पालन गर्नुपर्ने सुरक्षा–निकाय, स्वास्थ्य संस्था र चिकित्सकहरुले मृतक रजकको सम्बन्धमा किन कानुनको बेरित हुने गरी उल्लेखित काम कारबाही गरे ? भन्ने सम्बन्धमा आधिकारिक तवरले पारदर्शी छानबिन अनुसन्धान नगरी पत्रकार सुरेश रजकको मृत्युको बास्तविक कारण खुल्न नसक्ने तथ्यगत अबस्था रहेको छ ।

---

[13] (अमेरिकामा रहेका नेपाली पत्रकार टंक दाहालले प्रसारण गरेको यू–ट्यूब भिडियोबाट जस्तोको–तेस्तै साभार गरिएको भनाइ)

नेपालका सुबिख्यात फरेन्सिक डाक्टर सुधांशु शर्मा खनाल का अनुसार **"पोष्ट मार्टम रिपोर्टमा "कुकड् (cooked)" जस्ता शब्द को प्रयोग अशोभनीय देखिएको । रिपोर्टमा फरेन्सिक भाषिक-त्रुटी देखिएका र सबै कुरा नखुलाईएको"** टिप्पणी गर्नु भएको छ।

## परिच्छेद ९

## सबिन महर्जनको गोली लागि मृत्यु भएको प्रकरण वारे:

**९.१** काठमाडौँ कीर्तिपुरका २९ वर्षीय सबिन महर्जनको घटनामा गोली लागि मृत्यु भएको थियो, कार्यक्रम स्थलबाट पूर्व तर्फ टाढा रहेको स्थानमा सुरक्षाकर्मीको गोली लागि मृत्यु भएका महर्जन पेशाले सवारी चालक हुन र **"उक्त दिन गाडी बनाउन भनि कोटेश्वरमा रहेको गाडी बनाउने वर्कशप गएका थिए"** आयोगसंगको संवादमा सबिन महर्जनका परिवारका सदस्यले बताउनु भएको छ। तिनकुने क्षेत्रको बाटो हुँदै कोटेश्वर तर्फ जाने क्रममा सुरक्षाकर्मीको गोली लागि मृत्यु हुदा महर्जनले हेल्मेट लगाएकै अवस्थामा थिए, सरकारी पक्षले गरेको दाबी अनुसार उक्त दिनको सभा (कार्यक्रम) मा ४००० को संख्यामा मानिस रहेको र ३५०० सुरक्षाकर्मी परिचालन गरिएकोमा **"उक्त कार्यक्रम स्थल वरिपरी गोलि नै चलाउनु पर्ने अवस्था-परिस्थिति नै थिएन"** भन्ने सुरक्षावीद नेपाल प्रहरीका पुर्व ए.आई.जी. राजेन्द्र भण्डारीको भनाइ रहेको छ। **"सबिन महर्जन कुनै पनि राजनीतिक दलमा आबद्ध नरहेको र सडकमा हिडेकै आधारमा मात्र गोली हानेर मान्छे मार्ने यो कस्तो न्याय हो?"** भनि सबिन महर्जनका परिवारका सदस्यले आयोगसंग को संवादमा बताउनु भएको छ । उक्त दिन तिनकुनेमा भएको घटनाक्रमको समग्र परिस्थितिलाई विचार गर्दा गोली चलाउनुपर्ने सम्मको अवस्था नै नरहेको गोली चलाउनुपर्ने अवस्था हुदा पनि गोली चलाउनु भन्दा अगाडी माइकिङ मार्फत भिडलाई सचेत गराउने, लाठी चार्ज गरेर भिडलाई तितर–बितर गर्ने, पानीको फोहोरा प्रयोग गर्ने (उक्त दिन पानीका फोहोरा हान्ने मेशिन "water-cannon" पनि सोहि स्थानमा राखिएको तर कहिँ कतै प्रयोग नै नगरिएको प्रत्यक्षदर्शीको भनाइ रहेको छ) हवाई फायर मार्फत भिडलाई हटाउने वा यी सबै सुरक्षा सम्बन्धि प्रक्रिया अवलम्बन गर्दा समेत भिड नियन्त्रण हुन नसकेमा मात्र गोली हान्ने अवस्था सृजना हुने सुरक्षा सम्बन्धि यो सामान्य नियम र प्रचलन हो भनि सुरक्षा जानकारहरुले आयोगले सोधेको जिज्ञासामा बताउनु भएको छ । गोली हान्दा पनि शरीरको घुडा भन्दा तल गोली हान्नु पर्नेमा कुनै पनि नियम प्रचलनको पालना नगरी एकै चोटी छातीमा हानिएको गोली प्रहारबाट सबिन महर्जनको मृत्यु भएको तथ्यले सम्बन्धित तालुक मन्त्रालय, प्रहरी संगठन र फिल्डमा खटिएका सुरक्षा कमाण्ड (प्रमुख) हरुकै प्रबावकारी कमाण्ड कन्ट्रोल हुन नसकी गोली हानिएको थियो की प्रहरीलाई अन्य कुनै दबाब–प्रभाव परी गोली हान्नु पर्ने परिथिती आईपर्यो भन्ने प्रश्न अझै अनुत्तरित छ। यसरी सबिन महर्जन माथि भएको गोली प्रकरणले प्रशस्तै प्रश्न जन्माएको छ र निष्पक्ष अनुसन्धान छानबिनबाट मात्र यी तमाम तथ्यगत प्रश्नहरुको हल हुने देखिन्छ ।

९.२ "***सबिन महर्जनलाई गोलि हानिएको स्थानमा ५–६ जना मानिसहरुको मात्र भिड रहेको***"[14] यो तथ्यबाट हेर्दा पनि सबिन महर्जनलाई गोली प्रहार गर्नुपर्ने कुनै परिस्थिति नै थिएन । सुरक्षाकर्मीले सामान्य हप्की दम्की गर्दा पनि ५–६ जना मानिसहरु तितर बितर हुन् सक्ने अवस्था रहदा–रहदै एकै चोटी गोली प्रहार गर्नु मान्छेको बाँच्न पाउने अधिकारमाथी कुठाराघात हुने हुँदा त्यस्तो गोली प्रहार अन्यायपूर्ण देखिन्छ। यी तमाम स्थापित तथ्यका बाबजुद पनि सरकारले सबिन महर्जन माथि भएको गोली प्रहार प्रकरणमा छानबिन अनुसन्धान गरी सत्य–तथ्य व्यहोरा सार्बजनिक गर्न अनिच्छा प्रकट गरेकोले मृतक सबिन महर्जनको परिवारलाई थप पिडित र दुखि बनाएको त छदै छ, आम सर्व–साधारण नागरिकहरुमा समेत सुरक्षाकर्मी प्रतिको आस्था भरोसामा प्रश्न चिन्ह खडा गराएको छ ।

## परिच्छेद १०

## रेबिका खत्री र दिनेश खत्री माथि भएको गोली प्रहार :-

१०.१ कार्यक्रम स्थल भन्दा अन्दाजी १.५ किलोमिटर टाढाको दुरीमा रहेको कोटेश्वर चोकबाट ललितपुर तर्फ जाने चक्रपथ सडकको दाँया (पश्चिम तर्फको भागमा) आफ्नो निजी कामको सिलसिलामा रहेको अवस्थामा रेबिका खत्री र उनकै दाइ दिनेश खत्रीलाई उक्त चक्रपथ सडकको बाँया (पुर्व तर्फ : भाटभटेनी सुपरमार्केटको भागबाट, यो लोकेसन ८ लेन सडकको वारीपारीको लोकेसन हो) तर्फबाट गोली प्रहार गरिएको थियो । निजहरुलाई गोली लागेको स्थानमा मानिसहरुको भिडभाड हुलहुज्जत केही नभएको कारण त्यहाँ गोली चलाउनुपर्ने कुनै आधार कारण देखिँदैन। "***मुल घटनास्थल; तिनकुने क्षेत्र भन्दा त्यति टाढा गएर प्रहरीले रेबिका र दिनेशलाई किन गोली चलायो ? हामी परिवारका सदस्यहरु आश्चर्यमा परेका छौं, उनीहरु कुनै राजनैतिक संगठन वा विचारसँग आवद्ध नरहेका र राजनीतिक सभा सम्मेलन वा त्यस्तै कुनै कार्यक्रममा पनि कहिल्यै सहभागि हुन नरुचाउने स्वभाव-प्रकृतिका रेबिका र दिनेशलाई गोली चलाउनुपर्ने सम्मको के त्यस्तो काम गरेका थिए***" रेविकाका बुबा तुलसीराम खत्रीले आयोगसँगको संवादमा बताउनु भएको छ ।

१०.२ गोली लागि उपचार पश्चात् रेबिकाका दाइ दिनेश खत्रीको स्वास्थ्य सुधार भएता पनि रेबिका खत्री अहिले पनि गम्भिर घाइते भएको कारण शिक्षण अस्पताल महाराजगञ्जमा उपचारत अवस्थामा नै छिन् । तिघ्रमा गोलीलागी घाउ लागेको अंग क्षतविक्षद अवस्थामा रहेको र उपचारका क्रममा लाखौं खर्च भईसकेको घाइते रेबिकाका बुबा तुलसीराम खत्रीले आयोग समक्ष बताउनु भएको छ । मुल घटनास्थल भन्दा अन्यत्र टाढाको क्षेत्रमा प्रहरी सुरक्षाकर्मीले सक्रिय तैनाथी देखाई बिना कारण गोली समेत चलाएको तर मुल घटनास्थल वरिपरी करोडौं मुल्य बराबरको आगजनी र तोडफोडबाट भौतिक क्षति हुँदा समेत सुरक्षा तैनाथीको सक्रियता नदेखिनुले उक्त दिन प्रहरी सुरक्षाको व्यवस्थापन र परिचालन नै शंकास्पद रहेको प्रत्यक्षदर्शीहरुको भनाइ छ ।

१०.३ गोली लागि सख्त घाइते भएकी रेबिका खत्री हाल उपचारत रहि रहँदा सरकारले उपचार खर्च वापतको रकम उपलब्ध गराउने मौखिक आश्वासन दिएता पनि हालसम्म सरकारबाट कुनै आर्थिक सहयोग नपाएको, आफ्नै रकमबाट उपचार गराई रहँदा सामान्य आर्थिक हैसियत भएको रेबिकाको परिवारले लाखौं रकम ऋण सापटी गर्दै

---

[14] सबिनलाई गोली लागेपछि अस्पताल पुर्याउन सहयोग गर्ने १ जना मानिसले नाम नखुलाउने शर्तमा बताउनु भएको छ

उपचारमा खर्च गर्नुपर्ने बाध्यता आफैमा एउटा पिडादायी अवस्था छ । यो भन्दा पनि उपचार पश्चात् रेबिका पुर्ण रुपमा स्वस्थ भई पुर्ववत सामान्य अवस्थामा नै रहन्छिन् कि अंगभंग वा अन्य कुनै व्यहोराले अपाङ्गताको अवस्थामा जीवन जिउनुपर्ने हो ? भन्ने समेत परिवारमा एउटा ठुलो चिन्ताको विषय रहेको छ । निजी कामको सिलसिलामा रहेका मानिसहरुलाई उल्लेखित व्यहोराबाट अन्धाधुन्द गोली प्रहार गरी सख्त घाइते अवस्थामा पुऱ्याउनु मात्र नभई गोली प्रहारकै कारण मानिसहरुले मृत्युवरण समेत गर्नुपरेको चैत्र १५, २०८१ को तिनकुनेमा घटेको घटना सम्बन्धी, यी यावत तथ्य सन्दर्भलाई विचार गर्दा घटनाको निष्पक्ष र स्वतन्त्र छानविन गरी वास्तविक दोषी पत्ता लगाउनुपर्ने देखिन्छ ।

## <u>परिच्छेद ११</u>

## <u>प्रहरीको राजनीतिकरण :-</u>

११.१ म्याद गुज्रिएका अश्रु ग्यासको प्रयोग सम्बन्धमा गोली काण्ड र उक्त दिनको समग्र घटनामा सुरक्षाकर्मीले उक्त दिन अवलम्बन गरेको सुरक्षा नीति र व्यवस्थापनको प्रतिरक्षा गर्दै प्रहरी आई.जी.पी. दिपक थापाले सार्वजनिक सञ्चार माध्यम **यक्ष-प्रश्न** [१५] मा एक अन्तरवार्ता दिनु भएको थियो । म्याद गुज्रिएको अश्रु ग्यास प्रयोगको सम्बन्धमा सोधिएको प्रश्नमा प्रहरी प्रमुखले "**भण्डारणमा जे छ त्यसको प्रयोग हुनुलाई म्याद गुज्रिएको भन्न नमिल्ने**" बताउनु भएको छ । **तथापी यस आयोगलाई उपलब्ध भएका अश्रु ग्यासका सिलिण्डरको वाहिरी लेबलिङमा** Expiry Date 2008, 2012 **र** 2016 **लेखिएको पाइएको छ** । उल्लेखित अन्तरवार्तामा नै आई.जी.पी. थापाले घुमाउरो भाषामा "**अन्य कसैबाट त्यस्ता म्याद गुज्रिएका अश्रु ग्यासको प्रयोग भयो कि?** भन्ने सम्मको अभिव्यक्ति दिनु भएको छ । सुरक्षाकर्मीले मात्र नियम बमोजिम प्रयोग गर्न पाउने त्यस्तो हात हतियार यदि अरु कसैबाट प्रयोग भए-गरेको भए त्यो अनुसन्धानको विषय बन्छ र अनुसन्धान प्रहरी संगठन स्वयंलाई गर्ने कर्तव्य र अधिकार कानुनले नै निर्धारण गरेको छ । सुरक्षाकर्मी बाहेक अन्य जो कोहिबाट त्यस्तो परिस्थितिमा हात हतियारको प्रयोग गैह्रकानुनी हुने र त्यस्तो भएको भए अनुसन्धान गर्नुपर्नेमा सो नगरी हामी (सुरक्षाकर्मी) ले त्यस्तो म्याद गुज्रिएको हतियार प्रयोग गरेको छैन । अन्यबाट भयो कि भन्ने सुरक्षा प्रमुखको अभिव्यक्ति गैर जिम्मेवार पूर्ण छ ।

११.२ **"युवा संघ (नेकपा एमालेको भातृ संगठन) को जस्तो प्रहरी प्रमुखबाट अभिव्यक्ति आएको भन्दै (एक सार्वजनिक कार्यक्रममा पुर्व उपप्रधान तथा उर्जामन्त्री राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले बताउनु भएको छ ) यो तथ्यबाट प्रहरीको राजनीतिकरण भई रहेको तथ्य स्पष्ट हुन्छ ।" "नेपालको प्रचलित कानुन बमोजिम प्रयोग र परिचालन हुनुपर्ने प्रहरी सुरक्षाकर्मी राजनीतिक सत्ता र शक्तिको अनुकुलतामा प्रयोग हुदै आएका विगतका सयौं तथ्यगत दृष्टान्त रहेकोले प्रहरी सुरक्षा राजनीतिक स्वार्थको दबाब/प्रभावमा रहेको यो पहिलो पटक चाँही होइन"** भन्ने जानकारहरुको भनाई रहेको छ, तथापी नागरिकको ज्यानै जाने र राज्य तथा नागरिकको करोडौं मुल्यको क्षति हुने सम्मका यस्ता घटनामा समेत राजनीतिक दलको दलिय स्वार्थको प्रभाव/दबाबमा सुरक्षा निकायको

[15] ( पत्रकार राजेन्द्र बाँनियासँगको अन्तरवार्ता, 27 April 2025 : Himalaya TV)

प्रयोग/परिचालन हुने हो भने यसले डरलाग्दो अराजकता र दण्डहिनता तर्फ समाजलाई धकेल्ने खतरा देखिन्छ । सरकारका प्रधानमन्त्री के.पी. शर्मा ओलीको कुनै समय पी.एस.ओ. मा रहि काम गरी सकेका अधिकांश प्रहरी अधिकृतहरुलाई उक्त दिन तिनकुने क्षेत्रमा खटाइएको (Deploy) आफुलाई जानकारी रहेको पत्राकार सुधिर फुयालले आयोगसँगको संवादमा बताउनु भएको छ । "कुनै समय प्रधानमन्त्री के.पी. ओलीको पी.एस.ओ. टिममा लामो समय काम गरेका हाल प्रहरी परिसर काठमाडौंका डि.एस.पी. हरि खतिवडा सादा पोसाकमा उक्त दिन निकै सक्रिय अवस्थामा भुमिका निर्वाह गरि रहनु भएको थियो । त्यस्तैगरी बौद्ध प्रहरी वृत्त-प्रमुख डि.एस.पी. जयश्वर रिमाल लाई निजको कार्यक्षेत्र नै नपर्ने कोटेश्वर तिनकुने क्षेत्रमा उक्त दिन खटाईएको थियो भन्ने तथ्य पत्राकार सुधिर फुयालले आयोगसँगको संवादमा बताउनु भएको छ ।

११.३ सादा पोसाकमा रहेका तर हातमा रिभोल्वर प्रदर्शन गर्दै घटनास्थलको वरिपरिको सडकमा प्रहरी सुरक्षाकर्मी भन्दा पनि अभद्र गुण्डा र गैरजिम्मेवारीपूर्ण स्वरुपमा देखिएका (सञ्चार माध्यमले प्रसारण गरेका भिडियो क्लिप्समा देखिएको र उक्त भिडियो क्लिप्स आयोगसँग पनि सुरक्षित रहेको) लागु औषधब्यूरोमा कार्यरत रहेको भनिएका प्रहरी सुरक्षाकर्मीको भुमिकालाई दृष्टिगत गर्दा प्रहरी सुरक्षाकर्मी उक्त दिन तालुक मन्त्रालय र प्रहरी प्रमुखको कमाण्ड कन्ट्रोलमा भन्दा पनि बाह्य कुनै राजनैतिक वा अन्य शक्तिको प्रभाव नियन्त्रणमा रहेको कारण प्रहरीको व्यवसायिक कर्तव्यको दायरा नाघि उन्माद शैलीको संवेदनहिन गतिविधि समेत देखिएको छ ।

५/७ जना मानिस मात्र रहेको स्थानमा नियमानुसार पूर्व चेतावनी जारी नगरी निजी काम व्यवसायको सिलसिलामा हिडिरहेका सविन महर्जन माथि गोली प्रहार हुनु, पत्राकार सुरेश रजकको शंकास्पद मृत्यु पश्चात मृतकको लाश जाँच प्रकृति मुचुल्का वेरित (कानुनले तोकेको कार्यविधि नअपनाई) सँग; मृतकका परिवारका सदस्य कसैलाई पनि संलग्न नगराई गर्नु/गराउनु, शव परिक्षण समेत प्रचलित कानुन विपरित हुने गरी लाश जाँच प्रकृति मुचुल्का चिकित्सकलाई उपलब्ध नगराई गर्नु, निजी कामको सिलसिलामा रहेका दिनेश खत्री र रेबिका खत्रीलाई गोली प्रहार गरी सख्त घाइते बनाउनु जस्ता श्रृंखलाबद्ध घटनाक्रमसँग जोडिएका तथ्य सन्दर्भलाई अध्ययन गर्दा प्रहरी सुरक्षाले उक्त दिन कानुन बमोजिमको आफ्नो व्यवसायिक कर्तव्य पालन गरिरहेको अवस्था देखिँदैन।

११.४ घटनास्थलमा बाक्लो संख्यामा प्रहरीको उपस्थिति रहँदा रहँदै पनि निजी घर/भवनमा भएको आगजनी नियन्त्रण गर्ने तर्फ प्रहरीले उत्सुकता नदेखाउनु (प्रत्यक्षदर्शीका अनुसार पटक पटक आग्रह अनुरोध गर्दा समेत प्रहरी आगजनी भएको घरतर्फ नगएको, दमकल बोलाउने पहल प्रयत्न समेत नगरेको र प्रहरीले सुरु देखि नै सुरक्षा तैनाथीलाई सक्रिय गराएको भए आगजनी हुनै नपाउने तथा आगजनी भई हालेको परिस्थितिमा पनि त्यति धैरै संख्यामा रहेको प्रहरी सुरक्षाकर्मीको मात्र प्रयासले पनि आगो नियन्त्रण भई त्यो हदसम्मको भौतिक क्षति हुन पाउने थिएन भन्ने जानकारहरुको भनाई रहेको छ। त्यो दिनको समग्र घटनाको सन्दर्भमा प्रहरी प्रमुख र राजनीतिक दलका नेताहरु; खासगरी सरकारको नेतृत्व गरिरहेको दलका नेताहरुबाट आएका धारणा एकअर्कामा समान देखिनुले प्रहरी कानुन बमोजिमको आफ्नो व्यवसायिक कर्तव्य पालनामा रहेको भन्दा पनि राजनैतिक शक्तिको दबाब/प्रभावमा परिचालित भएको देखिन्छ तथा घटनाको वास्तविक तथ्यलाई विषयान्तर गरी यस्तो गम्भिर र संवेदनशिल घटनाको सम्बन्धमा समेत छानविन अनुसन्धान गर्न सरकार तथा राजनीतिक दलले अनिच्छा प्रकट गरी राजनीतिक अभिष्ट पुरा गराउने उद्देश्यले प्रहरीलाई समेत सोही बमोजिम प्रयोग परिचालन गरेकोबाट राजनीतिक सत्ता शक्तिको मात्र पुर्ण नियन्त्रणमा रहि प्रहरी परिचालन भएको तथ्यबाट पुष्टि हुन्छ ।

# <u>परिच्छेद १२</u>

## <u>गैर-कानूनी गिरफ्तारी (Arbitary Arrest) :-</u>

१२.१ अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपुर्ण भेला हुन पाउने स्वतन्त्रता, आवगमणको स्वतन्त्रता, संगठित हुने र संगठन खोल्न पाउने स्वतन्त्रता संविधानले नै नागरिकलाई प्रत्याभुत गरेका अधिकार हुन । २०८१, चैत्र १५ मा काठमाडौँको तिनकुने क्षेत्रमा आयोजना भएको सभा र सभामा सहभागि मानिसहरुले उल्लेखित संवैधानिक अधिकार अन्तर्गतकै स्वतन्त्रता प्रयोग गरेका हुन् । उक्त दिनको उल्लेखित सभा (कार्यक्रम) को जरियाबाट मानवीय र भौतिक क्षति भएको भनिएता पनि स्वतन्त्र-निष्पक्ष छानविन अनुसन्धानबाट मात्र उल्लेखित समग्र घटनाको दोषी पत्ता लगाउनुपर्ने तथ्यहरुबाट प्रष्ट देखिएको सन्दर्भको सम्बन्धमा अगाडीका परिच्छेदमा विस्तृत व्याख्या विवेचना गरि सकिएको छ। घटना संदेहपुर्ण र रहस्यमय रहेको वास्तविकतालाई विभिन्न बाहानामा विषयान्तर गर्दै दर्जनौ मानिसहरुलाई गिरफ्तार गरी गम्भिर प्रकृतिको अपराधमा आरोपित गरी अनुसन्धान र मुद्दा अभियोजन गर्नुले सरकारको यो कदम राजनीतिक पुर्वाग्रह पुर्ण र प्रतिशोधपुर्ण देखिनुको साथै फरक आस्था र विचारका मानिस तथा समूहहरुलाई डर त्रास देखाउँदै निषेध गर्ने रणनीतिमा सरकार रहेको देखिन्छ ।

१२.२ गिरफ्तार भएका मानिसहरुलाई अनुसन्धानको प्रक्रिया लामो समयसम्म लम्ब्याउँदै हिरासतमा कष्टकर जीवन विताउन बाध्य पार्ने, त्यति लामो अनुसन्धान पश्चात पनि दोषी किटान गर्न सकिने ठोस आधार कारण र मौलिक प्रमाणहरु जुटाउन नसकि सञ्चार माध्यमले प्रसारण गरेका सामान्य श्रव्य दृश्य सामग्री मात्र[ज्ञट] अभियोग प्रमाणित गर्ने प्रमाणको रुपमा प्रहरीले पेश गरेको तथ्यबाट ती तमाम मानिसहरुको गिरफ्तारी गैरकानुनी थियो भन्ने कुरालाई पुष्टि गर्दछ । गिरफ्तार भएका मानिसहरुलाई करिब २ महिनासम्म हिरासतमा राखि एउटा बयानमुखी अनुसन्धान भन्दा अरु कुनै अनुसन्धान हुन नसक्दा समेतः कर्तव्य-ज्यान, ज्यान मार्ने उद्योग, राज्यद्रोह, संगठित अपराध, संगठित उपद्रव जस्ता गम्भिर प्रकृतिका मुद्दाको अभियोग लगाईएका मानिसहरुबाट अनुसन्धानका क्रममा उल्लेखित अभियोग अपराधसँग सम्बन्धित रहने र अपराध गर्न गराउन प्रयोग हुने कुनै सरसामान, चिजवस्तुको बरामद हुन नसक्नु लगायत अभियोग पुष्टि/प्रमाणित हुने कुनै पनि मौलिक सबुद प्रमाण (Fundamental Evidence) जुटाउन प्रहरीले नसकेको परिस्थितिमा समेत गिरफ्तार भएका मानिसहरुलाई लामो समयसम्म अनुसन्धानको बाहानामा हिरासतमा राखि राखेको तथ्यबाट मनपरी - गैरकानुनी गिरफ्तारी (Arbitary Arrest) भएको पुष्टि हुन्छ।

१२.३ घटनाको ४५ दिन पछाडिसम्म वयोवृद्ध मानिसहरु समेतको गिरफ्तारी पछि सोधपुछको क्रममा गरेका सवाल जवाफका सन्दर्भमा गिरफ्तारीमा परी एक दिन हिरासतमा बसेर रिहाई भएका ७२ वर्षिय राजनीतिज्ञ खेम राज सेढाईले आयोगसँगको संवादमा बताए अनुसार **"अपराध अनुसन्धानसँग सम्बन्धित भन्दा पनि अन्य असान्दर्भिक सवाल जवाफ गरी गिरफ्तार गरिएका मानिसहरुलाई मानसिक रुपमा झन्झट उल्झनमा पार्ने प्रहरीको नियत देखिन्छ"** घटनालाई विषयान्तर गर्ने, घटनाको वास्तविक दोषीलाई उन्मुक्ति दिने, दण्डहिनता र अराजकतालाई स्थापित गराई त्यसैको आड-बलमा आफ्नो राजनीतिक स्वार्थलाई दिर्घजीवि बनाई राख्ने दाउपेच षड्यन्त्रमा सरकारले मनपरी ढंगबाट मानिसहरु गिरफ्तारी गरि रहेको उल्लेखित तथ्यहरुबाट पुष्टि गर्दछ ।

[16] अनलाइन खबर, जेठ ११ २०८२

१२.४ वयोवृद्ध वरिष्ठ राजनीतिज्ञ नवराज सुवेदीको घरमा प्रहरीले निगरानी राखि नजरबन्दको अवस्था सृजना गरेको र भेटघाटमा आएका मानिसहरुलाई प्रहरीले सोधपुछ, केरकार गर्ने गरेको आयोगसँगको संवादमा नवराज सुवेदीले बताउनु भएको छ । विना कारण धरपकड गिरफ्तार गर्ने, प्रहरीको निगरानीमा राख्ने, गिरफ्तार नै गर्नुपर्दा पनि गिरफ्तार गर्नुभन्दा अगाडि अपनाउनुपर्ने कानुनले निर्धारण गरेको कार्यविधि अबलम्बन नगर्ने, जस्ता ज्यादतीपुर्ण काम कारवाही गरी फरक विचार र आस्थाका मानिसहरुलाई त्रसित, आतंकित बनाएर पुर्वाग्रही र प्रतिशोधपुर्ण ढंगले फरक राजनैतिक आस्था विचारलाई निषेध गर्ने उद्देश्यबाट मानिसहरुलाई डर त्रासमा राख्न विना कारण सरकारले गिरफ्तार गर्ने गरेको तथ्यहरुबाट प्रष्ट हुन्छ ।

आयोगसँगको संवादमा पुर्व माननीय न्यायधिश शम्भु बहादुर खड्काले **"प्रक्राउ गर्नुपर्ने आधार प्रमाण केहि उल्लेख नगरी अदालतबाट प्रक्राउ पुर्जी अनुमति लिने प्रचलन बढ्दै गईरहेको सन्दर्भ उल्लेख गर्नु भएको छ"**

## परिच्छेद १३

## नागरिक, राजनीतिक दल, संघ-संगठन र अभियान प्रति सरकारको उत्तरदायित्व

१३.१ नेपालको संविधानले लोकतान्त्रिक उदारवादी व्यवस्थाको परिकल्पना गरेको छ । यो संवैधानिक परिकल्पना अनुसार राजनैतिक दल खोल्न पाउने र आफ्ना राजनीतिक आस्था विचारका धारणाहरु नागरिक समक्ष प्रवाह गर्न पाउने संवैधानिक व्यवस्था छ । विना हात हतियार शान्तिपुर्ण भेला, जुलुस, सभा, सम्मेलन मार्फत आफ्ना विचारहरु अभिव्यक्त गर्न पाउने संवैधानिक व्यवस्था नै हो । त्यस्तैगरी कानुनको अधिनमा रही संघ संगठन वा अभियानहरु खोली वा स्थापना गरी संगठित हुन पाउने र आफ्नो संगठन-अभियानका निति कार्यक्रमलाई प्रचार प्रसार तथा जनतासम्म प्रवाह गर्न पाउने समेत संवैधानिक र कानुनी व्यवस्था हो ।

१३.२ उल्लेखित संवैधानिक र कानुनी व्यवस्था अन्तर्गतका गतिविधिहरु जनता (नागरिक) ले सञ्चालन गर्दा गराउँदा त्यसलाई सरकारले नियन्त्रण होइन, नियमन, व्यवस्थापन र संरक्षण गर्नुपर्ने सरकारको संवैधानिक र कानुनी दायित्व हो । कुनै एउटा खास विचार-आस्था समुहको प्रतिनिधित्व गर्ने राजनैतिक दल, संघ संगठन वा अभियानको लागि मात्र उल्लेखित संवैधानिक र कानुनी व्यवस्था लागु हुने र सरकारको प्रतिकुल रहेको हदसम्मका राजनीतिक दल, संघ संगठन वा अभियानले त्यस्तो संवैधानिक र कानुनी व्यवस्थाको अभ्यास गर्न नपाउने परिपाटी प्रचलन व्यवहारबाट सरकारले देखायो भने लोकतान्त्रिक मर्म, भावना र मुल्य मान्यता विपरित हुन जान्छ । अतः कानुन र संविधानको अधिनमा रहि स्थापित र संचालित सबै राजनीतिक दल, संघ संगठन वा अभियान प्रति एउटा अभिभावकीय संस्थाको रुपमा सरकारले समान दृष्टिकोण, नीति र धारणा अख्तियार गर्नुपर्ने हुन्छ ।

१३.३ सरकार मातहतकै जिल्ला प्रशासन कार्यालय काठमाडौंले २०८१ चैत्र १५ गते आयोजना भएको सभा (कार्यक्रम) लाई सभा संचालन गर्ने अनुमति दिएको तथ्यबाट उक्त दिन कार्यक्रम संचालन गर्ने अभियान वा संघ संगठन जे होस, त्यसलाई सरकारले प्रतिबन्ध लगाएको अवस्थामा थिएन भन्ने कुरा प्रष्ट हुन्छ । सरकारले नै कार्यक्रम संचालन गर्ने अनुमति प्रदान गरेकोले त्यस्तो कार्यक्रमलाई नियमन व्यवस्थापन गरी सुरक्षाको प्रत्याभूति समेत गराउने जिम्मेवारी र दायित्व सरकारको नै हो । माथि विभिन्न परिच्छेदमा उल्लेखित तमाम घटनाक्रम र ती घटनाक्रमलाई पुष्टि गर्ने गराउने तथ्य सन्दर्भबाट उक्त दिनको कार्यक्रमको आयोजक र संचालन सम्बन्धमा

समेत सरकार पुर्वाग्रही रहि संविधान र कानुन विपरित हुने गरी सुरक्षाकर्मी परिचालन गरी कार्यक्रम संचालनमा निषेध गर्न खोजेको देखिन्छ ।

१३.४ कार्यक्रममा सहभागिता जनाउन गएका तथा स्थानिय स्तरमा स्थायी अस्थायी रुपमा बसोवास गरी रहेका धेरै मानिसहरुसँग यस आयोगले अन्तरक्रिया र संवाद गरी उक्त दिनको समग्र घटनाक्रमको सम्बन्धमा सवाल जवाफ गर्दा सुरक्षाकर्मीको लापरवाही, घटना नियन्त्रणमा उदासिनता र कार्यक्रम प्रति पुर्वाग्रही व्यवहार देखाएको कारणले ती तमाम दुःखद र त्रासादिपुर्ण घटना घट्न गएको र यसमा सुरक्षाकर्मी आफ्नो व्यवसायिक कमाण्ड कन्ट्रोलमा नरहि राजनीतिक स्वार्थ समूहको प्रभाव नियन्त्रणबाट परिचालित रहे-भएको सुरक्षाकर्मीहरुको गतिविधिले देखाएको छ। सरकार संचालनमा रहेका राजनीतिक दलको भन्दा फरक विचार-आस्था भएका राजनीतिक समूह संगठनले कार्यक्रम संचालन गरेकै आधारमा त्यस्ता फरक विचार समूह प्रति पुर्वाग्रही रहि प्रतिशोध र निषेधको नीति अख्तियार गर्नु सरकारको अलोकतान्त्रिक, असंवैधानिक र गैरकानुनी कदम हुन जान्छ । यस्तो पक्षपात पुर्ण सरकारको नीति व्यवहारबाट नागरिकमा आवेग उत्तेजना पैदा हुन गई अराजकता, हिंसा, दण्डहिनता र विद्रोहको सामना गर्नुपर्ने परिस्थितिमाः देशले आर्थिक, भौतिक र मानवीय क्षतिको रुपमा ठुलो मूल्य चुकाउनुपर्ने हुनाले सबै राजनीतिक दल, संघ संगठन, अभियान र नागरिकहरु प्रति सरकारले समान व्यवहार कायम गरी, सबैलाई समान संरक्षण प्रदान गर्नु एउटा अभिभावकीय संस्थाको रुपमा सरकारको नै मुख्य उत्तरदायित्व / जिम्मेवारी हो ।

## परिच्छेद १४

## पिडितको हकमा स्वतन्त्र-निष्पक्ष न्यायको अवधारणा

**१४.१.** माथिका विभिन्न परिछेद्मा घटनाको छानबिन अनुसन्धान गर्नु पर्ने तथ्यबाट स्थापित भई सकेको अवस्था देखियता पनि घटनाको न्यायिक छानबिन नै नगरी ५० जना मानिसहरुलाई गिरफ्तार गरी मुद्दा समेत अभियोजन गरिसकेको अवस्था छ | न्यायिक छानबिन अनुसन्धानले मात्र दोषि पत्ता लाग्न सक्ने, तिनकुने घटनामा सरकारले छानबिनको गुन्जायस नै देखेने, छानबिन- अनुसन्धान बिना नै दर्जनौ मानिसलाई घटनाको दोषि कायम गरी, कर्तब्य ज्यान, ज्यान मर्ने उद्योग, संगठित अपराध, राज्यद्रोह, अपराधिक उपद्र जस्ता संगिन आरोपमा मुद्दाको अभियोजन समेत गर्यो |

**१४.२.** गिरफ्तार भएका मानिस उपर लगाएको अभियोग सम्बन्धमा प्रहरीबाट भएको अनुसन्धानले आभियोग प्रमाणित हुने कुनै मौलिक प्रमाण नभेटेको बुझिन्छा| (अनलाइन खबरमा प्रकाशित समाचार जेष्ठ ११, २०८२) त्यस्तो गम्भीर आरोप कसुरमा गिरफ्तार भएका मानिसबाट कसुर प्रमाणित हुने कुनै चिजबस्तु बरामद समेत नभएको अबस्थामा ५० दिन भन्दा बढी हिरासतमा राखेर प्रहरीले के-को अनुसन्धान गर्यो ? अभियुक्तको बयानमा मात्र सिमित रही अनुसन्धान गर्नु पर्ने अन्य नया चिज-बस्तु र विषय पटक पटक म्याद थपको सिलसिलामा अदालत समक्ष प्रहरीले प्रस्तुत गर्न नसक्दा पनि अदालतले म्याद थप गरी रहनु फौजदारी न्याय प्रणालीको Free and Fair Trial को स्थापित सिद्दान्त र प्रचलन विपरित छ |

**१४.३.** सरकारलाई अपराधको अनुसन्धान गर्ने पाउने कानुन सम्मत अधिकार भएता पनि अपराध अनुसन्धानका स्थापित सिद्दान्त प्रचलन र निश्चित कार्यविधिहरु छन। कसुर सम्बन्धमा अनुसन्धानको सिलसिलामा प्रहरीले

लामो समय सम्म नया प्रमाणको उत्त्खानन अन्वेषण नगरी सुरुको एउटै प्रमाण व्यहोरा मात्र प्रस्तुत गरी अदालत समक्ष म्याद थपको अनुमति माग्दा, अदालतले अनुसन्धानधिकारीको नियत-व्यवहार माथि न्यायिक हस्तक्षेपको अंकुश नलाउने हो भने, न्यायलय कार्यकारिणी अंगको छायामा पर्दछ | कार्यकारणी अंगले नागरिक माथि प्रतिशोध र पुर्बग्रहको आधारमा अन्याय गर्न सक्छ र यस्तो अबस्थामा नागरिकलाई स्वतन्त्र- सक्षम अंगको रुपमा न्यायलयले  न्याय प्रदान गर्छ भन्ने आस्था-भरोषालाई अक्षुण राखी, न्यायलयको निष्पक्षता र स्वतन्त्रको मुलभूत विशेषतालाई समेत बचाउन न्यायलपले महत्त्वपूर्ण भूमिका निर्वाह गरी निष्पक्ष अनुसन्धान र न्यायमा ढिला-सुस्ती नगरी स्वतन्त्र न्याय सम्पादन हुने न्यायिक सिद्दन्तलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ |

## परिच्छेद १५

## घटनामा उलंघन भएका राष्ट्रिय अन्तराष्ट्रिय कानुन कानुनी व्यवस्था:

**१५.१** तिनकुने घटनामा तल उल्लेखित राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन र कानुनी व्यवस्थाको उलंघन भएको आयोगले निष्कर्ष निकालेको छ|

**१.** नेपाल को संबिधान आन्तार्गत निम्न लिखित संबैधानिक व्यवस्था

क. सम्मान पुर्वक बाच्न पाउने अधिकार (धारा १६)

ख. स्वतन्त्रताको अधिकार (धारा १७)

ग. न्याय सम्बन्धि अधिकार (धारा २०)

घ. अपराध पिडत सम्बन्धि अधिकार (धारा २१)

ङ. निवारक नजर बन्द बिरुद्धको अधिकार (धारा २३)

च. सम्पतिको अधिकार (धारा २५)

**२. मानब अधिकार सम्बन्धि विश्व व्यापी घोषणा पत्र- १९४८**

क. प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुने छ (धारा ३)

ख. कसैलाई पनि स्वइच्छाचारी रुपले गिरफ्तार गरिने, नजर बन्दमा राखिने र देश निकाला गरिने छैन (धारा ९ )

ग. प्रत्येकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने छ (धारा १९)

घ. प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण सभा गर्ने र सांगठनिक स्वतन्त्रताको अधिकार हुने छ (धारा २०.१)

**३. अन्तराष्ट्रिय सन्धिहरु**

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तराष्ट्रिय अभिसन्धि- १९६६

क. प्रत्येक व्यक्तिलाई आफ्नो जीवनको अन्तर्निहित अधिकार हुने छ (धारा ६.१)

ख. प्रत्येक व्यक्तिलाई सुरक्षा र स्वतन्त्रताको अधिकार हुने छ(धारा ९)

ग. प्रत्येक व्यक्तिलाई बिना हस्तक्षेप आफ्ना विचारहरु राख्ने अधिकार हुने छ (धारा १९.१)

**४.The UN's Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials 1990**

**५. Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law 2005 .**

## उपसंहार

गठन भएको १ महिना २० दिनमा यस आयोगले तिनकुने घटना सम्बन्धि छानबिन प्रतिवेदन सिमित साधन श्रोतको प्रयोग परिचालन र सिमित जनशक्तिको सहयोग-समन्वयमा तयार पारि आज मिति २०८२/०२/१४ मा सार्वजनिक गरेको व्यहोरा सबैमा सहर्ष जानकारी गराउदछौ | छानबिन अनुसन्धानमा अवलम्वन गरिने राष्ट्रिय-अन्तराष्ट्रिय सर्वमान्य सिद्दान्त र प्रचलनका अवधारणा, न्यायिक तथा कानुनी सिद्दन्तलाई छानबिन अनुसन्धानको आधार मानि गरिएको छानबिनमा: घटना संग सम्बन्ध सरोकार राख्ने प्राय सबै भौतिक-अभौतिक चिजबस्तुको यथासक्य मिहिन अध्ययन विश्लेषण गरिएको छ भने, घटना सम्बन्धि जानकार प्रत्यक्षदर्शी, समाजका बिद्दवान-प्रबुद्धवर्ग तथा प्रत्यक्ष परोक्ष रुपमा घटनाबाट पिडित भएका मानिसहरु, घटनामा घाइते तथा दुखद मृत्यु भएकाहरुको परिवारका सदस्यहरु र घटनामा सरोकार कायम गराई हाल हिरासतमा रहेका मानिसहरु संगको भेट-घाट छलफल संवाद र अन्तरक्रियाबाट पाएका सूचना जानकारीलाई छानबिन प्रतिवेदन तयार पार्ने मध्यम-श्रोतको रुपमा ग्रहण गरिएको छ|

घटना सम्बन्धमा सूचना जानकारी प्राप्त गर्ने उद्देश्यले: नेपाल सरकारका प्रधानमन्त्री, गृहमन्त्री, मातहतका सुरक्षा निकाय, काठमाडौँ जिल्ला प्रसासन कार्यालय र मुख्य राजनीतिक दल, तिनका नेता-नेतृत्व समेतलाई आयोगले पत्राचार र टेलिफोन मार्फत सम्पर्क गर्ने पटक पटक प्रयास गर्दा समेत आधिकांश राजनीतिक दल र तिनको नेतृत्व लगायत प्रधानमन्त्री, गृहमन्त्री तथा मातहतका सुरक्षा निकाय समेतले आयोगको पत्रचारको जवाफ नदिएको र सहयोग समन्वय नगरेको कारण छानबिन प्रक्रियामा आयोगले पाउनु पर्ने सूचना जानकारी उल्लेखित व्यक्ति निकायहरुबाट प्राप्त गर्न सकेन| त्यसै गरी निर्मल निवास महाराजगंजमा आयोगको तर्फबाट पठाएको पत्र बुझ्न नै नमानेको कारण आयोग दुखित भएको र आयोगको छानबिन-अनुसन्धान प्रक्रियामा असहयोग भएको समेत महसुस भएको छ |

त्यसै गरी अन्तराष्ट्रिय संघ संस्था, अमेरिका- रसियाका सरकार प्रमुख तथा छिमेकि राष्ट्रका सरकार प्रमुख, यूरोपियन युनियन समेतलाई आयोगको छानबिन प्रक्रिया सम्बन्धमा पत्राचार मार्फत जानकारी गरिएको छ |

अन्त्यमा आयोगलाई आर्थिक भौतिक प्राबिधिक रुपमा तथा घटना सम्बन्धि सूचना जानकारी प्रदान गरी छानबिन अनुसन्धान प्रक्रियामा सहयोग पुर्याउने सबै आदरणीय व्यक्तित्वहरु प्रति कृतज्ञ भई आयोग धन्यवाद प्रकट गर्दछ|